



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA






बिहीबार, पुस २७, २०७४ | Thursday, January 11, 2018 | www.newsofnepal.com | नेसं ११३८ पोहेलागा १० | वर्ष २४, अंक १ | पृष्ठ १२+३६ | मूल्य रू. १०/-


प्रकाशकीय

## हामी आभारी छौं

प्रिय पाठकहरू, तपाईंहरूको हातमा रहेको नेपाल समाचारपत्र आज २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको कुरा सुनाउन पाउँदा हर्षित मात्र नभई हामीले गौरवान्वित महसुस गरिरहेका छौं। आजभन्दा ३४ वर्षअघि मंसिर महिनाको जाडोमा जन्मेको कामना प्रकाशनले तपाईं लाखौं पाठकहरूको न्यानो माया नपाइदिएको भए झन्डै साढे तीन दशकसम्मको अविरल यात्रा गर्न कदापि सम्भव हुने थिएन। यसका लागि हामी हाम्रा शुभचिन्तक, पाठक, विज्ञापनदाता, पत्रिका विक्रेता सबैमा आभार प्रकट गर्दै कृतज्ञता व्यक्त गर्दछौं।

शुरूदेखि नै पत्रकारिताको मूल मर्म, सिद्धान्त, धर्म र व्यवसायलाई इमानदारितापूर्वक पालना गरेर पाठकको विश्वास जित्न सकियो भने पाठकको मायाले मात्र पनि प्रकाशन संस्थाले यति लामो यात्रा गर्न सक्दो रहेछ भन्ने मुलुकमा कामना प्रकाशन एउटा ज्वलन्त उदाहरण बनेको छ। यही कुरा पाठकहरूबाट बारम्बार सुनिरहन पाउँदा हामीलाई सधैं गौरवको अनुभूति हुने गरेको छ।

लामो समयदेखिको मुलुकले भोगिरहेको राजनीतिक अस्थिरता, हरेक क्षेत्रमा देखिएको राजनीतिक हस्तक्षेप, पत्रकारिताले भोगिरहेको अस्वस्थ प्रतिस्पर्धा, सञ्चार क्षेत्रमा विकसित भएको नयाँ प्रविधि अनि निष्पक्ष, स्वाभिमान र इमानदारिताले हार्नु परिरहेको अहिलेको सामाजिक परिवेशमा आज हाम्रो स्थान कहाँ छ, समाजका लागि हामीले के दिन सक्यौं र के दिन सकेनौं भन्ने कुराको मूल्यांकन स्वयम् पाठकले गरिरहनुभएकै होला भन्ने हाम्रो बुझाइ छ। शुरूदेखि नै पत्रकारितालाई नाफामूलकभन्दा सेवामूलक व्यवसाय ठानेर देश र जनताप्रति समर्पित भई गरिएको पत्रकारिताका कारण जनताबाट सम्पत्तिका रूपमा हामीले कमाएको विश्वसनीयता नै यति लामो समयसम्म पाठकको सेवामा दत्तचित्त भएर लाग्ने आधार बनेको हामीले महसुस गरेका छौं।

मुलुक अहिले संघीयतामा गइसकेकाले पत्रकारितामा चुनौतीसँगै जिम्मेवारी झनै बढेको छ। त्यागी नेता र कुशल नेतृत्वको अभाव खट्किरहेको मुलुक संघीयतामा गइसकेकाले अबका दिनमा सावधानीपूर्वक मुलुकलाई हाँक्न सकिएन भने संघीयतापछि देश नै टुक्रिन पुगेको अफ्रिकी मुलुक सुडानको जस्तै नियति हामीले पनि भोग्नुनपर्ला भन्न सकिँदैन। त्यसैले पनि मुलुकलाई 'वाचडग'को रूपमा हेर्नुपर्ने पत्रकारिताको जिम्मेवारी अझ बढ्ने अपेक्षा गरिएको हो।

विडम्बना नै भन्नुपर्छ, मुलुक यो अवस्थामा पुगिसक्दा पनि न यहाँका राजनीतिक पार्टी, न नेता, न त पत्रकारिताक्षेत्र नै गम्भीर देखिएको छ। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाभित्र हुने/देखिने कमी-कमजोरीलाई केलाउँदै मुलुकलाई सही मार्गमा डोहोर्‍याउनुपर्ने नेपाली पत्रकारितासमेत हिजोका दिनमा जस्तै कमिसन कि व्यापारीकरणमै रमाइरहेको देखिन्छ।

(क्रमशः पृष्ठ ९ मा)

# राजधानीका भित्री शहरमा पार्किङ निषेध

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले भित्री क्षेत्रमा चार पाङ्ग्रे सवारी साधनलाई पार्किङ निषेध गर्ने भएको छ। आउँदो माघ २ गतेदेखि लागू हुने गरी कामपाका ७ वटा वडाका १२ क्षेत्रलाई पार्किङ निषेधित क्षेत्र घोषणा गरेको हो। महानगरपालिकाको पूर्ण बैठकले उक्त निर्णय गरेको छ।

अब राजधानीको कोर क्षेत्र प्रवेश गर्ने चारपाङ्ग्रे सवारी साधन खुलामञ्चमा पार्किङ गर्नुपर्ने व्यवस्था गरेको छ। शहरी सौन्दर्यलाई कायम राख्न र पर्यटकलाई नेपालको कोर सिटीका बारेमा जानकारी दिन चारपाङ्ग्रे सवारी साधनलाई बिहान ७ देखि बेलुकी ७ बजेसम्म निषेधित गरेको हो।

कामपाले इन्द्रचोकबाट केलटोल हुँदै असन, भेडासिं बाङ्गेमुढा हुँदै ठहिटी, इन्द्रचोकबाट ओटु, महाबौद्धबाट असन, भेडासिंबाट असन, ज्याठा त्यौड ज्वालगाई हुँदै असन, ठहिटीबाट असन, ज्याठा हुँदै इनाबहाल असन, भेडासिं हुँदै केलटोल, बाङ्गेमुढा हुँदै असन, लाछीबाट असन र यबहालबाट कमलाछी हुँदै असन जाने स्थानमा चारपाङ्ग्रे सवारी साधन निषेधित गरिएको छ।

कामपा-२५ का अध्यक्ष निलकाजी शाक्यले कोर क्षेत्रमा पर्ने कुमारी, अन्नपूर्ण सेतो मच्छिन्द्रनाथ, क्षेत्रपाटी, नरदेवीलगायत ऐतिहासिक सम्पदाहरूको भ्रमण गर्न सो क्षेत्रलाई निषेधित गरिएको जानकारी दिनुभयो। उहाँले व्यवस्थित बजार पर्यटकलाई सहज आगमन गर्न पाकिङ निषेधित गरिएको बताउनुभयो।

वडा अध्यक्ष र महानगरीय ट्राफिक प्रहरी महाशाखाको संयोजनमा ठमेल र पशुपतिनाथ क्षेत्रपछि असन र इन्द्रचोक क्षेत्रमा चारपाङ्ग्रे सवारी साधन निषेध गरिएको हो। दुई निकायले कात्तिक ५ गते ठमेल र एक साताअघिबाट पशुपतिनाथ क्षेत्रमा सवारी निषेध गरेको थियो। वडा अध्यक्ष शाक्यले तत्काल व्यवस्थित पार्किङ नहुन्जेलसम्मका लागि विष्णुमति लिंकरोड र टुँडिखेलका पार्किङ गर्न आग्रह गर्नुभयो। कामपाले ठहिटी-नघल-बाङगेमुढा-भेडासिं र इन्द्रचोक-टेंगल-न्योखा-बाङ्गेमुढा-भेडा सिं हुँदै इन्द्रचोक र नरदेवी-किलागल-भेडासिं हुँदै इन्द्रचोक क्षेत्रमा एकतर्फी आगमन गर्ने व्यवस्था गरेको छ।

कामपाका उपमेयर हरिप्रभा खड्गीले सबैले हातेमालो गरी अघि बढे कामपाको योजना सफल हुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'तपाईंहरू सबैले सहयोग गरे कामपाले अघि बढाएको जस्तोसुकै योजना सफल हुनेछ।'

महानगरीय प्रहरी वृत्त जनसेवाका ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक विदुरकुमार थापाले लामो समयको अध्ययनपछि कोर क्षेत्रलाई सवारी निषेध घोषणा गरेको बताउनुभयो। उहाँले सो क्षेत्रमा तोकिएको समयबाहेक अन्य समयमा सवारी साधन सञ्चालन गरे कारबाही गरिने चेतावनी दिनुभयो। ट्राफिक प्रहरी महाशाखा र कामपाले करिब ३ महिना लामो अध्ययनपछि सो क्षेत्रमा पार्किङ निषेध गरेको हो।

कामपाले आज बिहीबारबाट पार्किङ क्षेत्र निषेधको जानकारी गराउन प्रचारप्रसार गर्ने भएको छ। कामपाले भित्री शहरलाई व्यवस्थित गर्न चारपाङ्ग्रे सवारी पार्किङ निषेध गरेको हो।

# डा. केसी साधारण तारेखमा रिहा

प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतले डा. गोविन्द केसीलाई साधारण तारेखमा छोड्ने आदेश दिएको छ। न्यायाधीशद्वय पुरुषोत्तम भण्डारी र बमकुमार श्रेष्ठको संयुक्त इजलासले डा. केसीलाई बुधबार बेलुकी साधारण तारेखमा छोडेको हो।

इजलासले प्रधानन्यायाधीश गोपाल पराजुलीको नागरिकताको प्रतिलिपि, उमेर विवादमा न्यायपरिषद्ले गरेको निर्णय र शैक्षिक प्रमाणपत्रको प्रतिलिपि झिकाउन आदेश दिएको छ। अदालतको अवहेलना मुद्दामा डा. केसी सोमबार अनशनस्थल शिक्षण अस्पताल महाराजगन्जबाट पक्राउ पर्नुभएको थियो।

सर्वोच्च अदालतले प्राडा शशी शर्मालाई त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानको डीनमा पुनर्बहाली गर्न आदेश दिएपछि डा. केसी असन्तुष्ट हुनुहुन्छ। डा. केसीले प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग गर्दै सोमबारदेखि आमरण अनशनलाई निरन्तरता दिनुभएको छ। प्रहरी हिरासतबाट रिहा भएपछि डा. केसीले सर्वोच्चको आदेश स्वागतयोग्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'मैले आदेशलाई सकारात्मक रूपमा लिएको छु। सत्याग्रहलाई निरन्तरता दिने या नदिनेबारे आज निर्णय हुन्छ। यद्यपि सत्याग्रह तोडिएको छैन।'



बुधबार डा. केसीको पक्षमा अधिवक्ता ओमप्रकाश अर्यालसहित १५ जना र प्रधानन्यायाधीशको पक्षमा पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठसहित ८ जनाले बहस गर्नुभएको थियो।


३६ पेजको आर्थिक समृद्धि विशेषांक

नेतृत्व लिन दौडधुप — पृष्ठ २

सरकारी आयोजनाको भुक्तानी भएन — पृष्ठ ११


## राष्ट्रियसभा निर्वाचनको कार्यतालिका सार्वजनिक

काठमाडौं, (नेस)

निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ। प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवको अध्यक्षतामा बुधबार बसेको बैठकले कार्यतालिका स्वीकृति गरेको थियो।

गत शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रियसभाको निर्वाचन २०७४ साल माघ २४ गते बुधबार गर्ने निर्णय गरेको थियो। सो निर्णय गृह मन्त्रालयमार्फत आयोगलाई सोही दिन जानकारी गराइएको थियो।

राष्ट्रियसभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ६ को उपदफा (१) र (२) मा निर्वाचनको मिति तोकिएको सूचना प्रकाशित भएपछि आयोगले निर्वाचनको तयारी अघि बढाएको थियो। यस क्रममा आयोगले कार्यतालिका सार्वजनिक गरेको प्रवक्ता नवराज ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

कार्यतालिकाअनुसार आयोगले माघ ७ गते मतदाता नामावली प्रकाशन गर्नेछ।

(क्रमशः पृष्ठ ९ मा)










# महानगर

जानकी मन्दिरमा महन्त नियुक्ति गर्दा पनि मोटो रकम चलखेल हुने गर्दछ। तर जानकी मन्दिरमा महन्त नियुक्ति बारे २०७४ साल श्रावण २८ गते सर्वोच्च अदालतले दिएको परमादेश पनि अहिलेसम्म कार्यान्वयन भएको छैन।

# संस्थानको नेतृत्व लिन दौडधुप

सुरेश तामाङ

धर्म संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने, गुठीको जग्गाको संरक्षण गर्ने, सांस्कृतिक र पुरातात्त्विक महत्त्वका मठमन्दिरको अभिलेख राख्ने जिम्मेवारी गुठी संस्थानको हो। त्यसैगरी विभिन्न जात्रा, पर्व चलाउने, जग्गाको प्रशासन (व्यवस्थापन) गर्ने जस्ता महत्त्वपूर्ण काम पनि यही निकायले गर्दै आएको छ। तर संस्थान लामो समयदेखि नेतृत्वविहीन बनेको छ।

राजनीतिक नियुक्ति हुने संस्थानका अध्यक्ष र प्रशासकको पदावधि सकिएसँगै प्रधानमन्त्री निवास बालुवाटार र भूमिसुधार मन्त्रालय धाउने आकांक्षीको दौडधुप शुरू भएको छ। आकर्षक कमाउ अड्डाका रूपमा हेरिने यो संस्थानमा प्रशासक नियुक्ति गर्ने क्रममा मोटो रकमको चलखेलसमेत हुने गरेको चर्चा गरिन्छ।

संस्थानका अध्यक्ष लक्ष्मण ज्ञवाली र प्रशासक नारायण चौधरीको समयावधि हालै सकिएपछि भुमिसुधार मन्त्रालय र प्रधानमन्त्री निवास धाउने आकांक्षी निकै बढेका जानकारहरू बताउँछन्। संस्थान मातहत देशभर करिब १४ लाख ४२ हजार रोपनी जग्गा रहेको तथ्यांक छ। स्रोतका अनुसार प्रशासकमा पुनः आफैंलाई दोहोर्‍याउन चौधरी भूमिसुधार मन्त्री गोपाल दहितलाई मनाउने प्रयास गरिरहेका छन्। चौधरीको कार्यकालमा गुठी संस्थानको जग्गा संरक्षणको अभावमा दुरुपयोग भएको तथा स्वयं संस्थानले समेत गुठीको जग्गा श्रेस्ताको अभिलेख अद्यावधिक गर्न नसकेको आरोप छ।

अनियमितताको आरोप लागेको भन्दै मन्त्री दहितले उनलाई प्रशासकमा पुनः दोहोर्‍याउन आनकानी गरिरहेका छन्। कांग्रेसका नेता विमलेन्द्र निधिमार्फत प्रधानमन्त्री देउवालाई मनाउन चौधरीले कसरत गरिरहेका जानकारहरू बताउँछन्। चौधरी प्रशासक नियुक्त हुँदा भूमिसुधार मन्त्रालयमा सचिव लोकदर्शन रेग्मी थिए। अहिले रेग्मी मुख्य सचिव भएकाले पनि आफू पुरानै जिम्मेवारीमा दोहोरिन सजिलो हुने भन्दै उनी बालुवाटार धाइरहेको स्रोतको दाबी छ। जानकी मन्दिरका महन्त रामतपेश्वर दासलाई पुनः नियुक्ति दिने सर्तमा कांग्रेस नेता निधि चौधरीलाई प्रशासक बनाउन प्रधानमन्त्री देउवालाई फकाइरहेको संस्थानका एक अधिकारीले बताए। 'भूमिसुधार मन्त्री दहित चौधरीप्रति नेगेटिभ छन्, तर शक्तिकै आडमा उनी पुनः नियुक्ति लिने प्रयासमा जुटेका छन्' -ती अधिकारीले भने।

जानकी मन्दिरमा महन्त नियुक्ति गर्दा पनि मोटो रकम चलखेल हुने गर्दछ। तर जानकी मन्दिरमा महन्त नियुक्ति बारे २०७४ साल श्रावण २८ गते सर्वोच्च अदालतले दिएको परमादेश पनि अहिलेसम्म कार्यान्वयन भएको छैन। तत्कालीन अवस्थामा सर्वोच्च अदालतले जानकी मन्दिरमा पहिला नियुक्त भएको महन्त र अहिले नियुक्त भएको महन्त प्रक्रिया नपुगेको भन्दै वैध र प्रक्रियागत ढंगले महन्त नियुक्त गर्न आदेश दिएको थियो। सर्वोच्चको आदेश लामो समयसम्म पनि कार्यान्वयन नगरेपछि गुठी संस्थानलाई मानहानीको मुद्दा परेको छ।

हालै लगातार ५ दिनसम्म बसेको संस्थान सञ्चालक समितिको बैठकले गरेको निर्णय बारेमा पनि गुठीका कर्मचारीहरू अनभिज्ञ रहेका छन्। संस्थानका एक उच्च अधिकारीका अनुसार उक्त बैठकले महोत्तरीको सिमरदही मठको महन्तमा रविन्द्रदास वैष्णवलाई नियुक्ति गरिएको बाहेक अन्य निर्णय सार्वजनिक गरिएको छैन। अब फेरि नियुक्ति हुने हो वा होइन भनी अध्यक्ष र प्रशासकले अन्य धेरै निर्णय गरेको हुन सक्ने संस्थानका कर्मचारीहरूले आशंका व्यक्त गरेका छन्।

यसअघि आफ्ना प्रमुखले मन्त्रिपरिषद्को निर्णयविपरीत दोहोरो सुविधा लिएको भन्दै संस्थान कर्मचारीले निकै आलोचना गरेका थिए। पछिल्लो समय संस्थान धरासायी हुँदै गएको भन्दै तालुक अड्डा भूमिसुधार मन्त्रालयमा पटकपटक गुनासो गर्दा पनि सुनुवाइ नभएको उनीहरूले गुनासो गरेका थिए। मन्त्रीपरिषद्को २०७२ माघ ८ को निर्णयविपरीत हालसम्म दोहोरो सुविधा उपयोग गरेको भन्दै कर्मचारीहरूले विरोध गरेका थिए।

संस्थानभित्र उच्च कर्मचारीको मिलेमतोमा केन्द्रीय कार्यालय परिसरमा पार्किङ टेन्डर ठेक्कामा समेत अनियमितता भएको पनि बताइएको थियो। पार्किङ ठेक्का लगाउन मागिएको टेन्डरमा वार्षिक १० लाख कबुलेको टेन्डर फाइल पेन्डिङमा राखि २ वर्षको २० लाख रुपियाँ संस्थानलाई घाटा पुर्‍याएको बारेमा समेत सम्बन्धित मन्त्रालयले वास्ता नगरेको कर्मचारीहरूले गुनासो गरेका थिए। साथै, संस्थानको अक्षयकोष र कल्याण कोषमा रहेको २ अर्ब ३५ करोड रुपियाँ पनि वोर्ड बैठकको निर्णयबिना विभिन्न बैठमा रकम राखिएको बारेमा पनि यसअघि चर्चा भएको थियो।

अनियमितताको आरोप लागेको भन्दै मन्त्री दहितले उनलाई प्रशासकमा पुनः दोहोर्‍याउन आनकानी गरिरहेका छन्। कांग्रेसका नेता विमलेन्द्र निधिमार्फत प्रधानमन्त्री देउवालाई मनाउन चौधरीले कसरत गरिरहेका जानकारहरु बताउँछन्। चौधरी प्रशासक नियुक्त हुँदा भूमिसुधार मन्त्रालयमा सचिव लोकदर्शन रेग्मी थिए। अहिले रेग्मी मुख्यसचिव भएकाले पनि आफू पुरानै जिम्मेवारीमा दोहोरिन सजिलो हुने भन्दै उनी बालुवाटार धाइरहेको स्रोतको दाबी छ।












# सागर र स्नेहाको भिडियो रोमान्स



नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको लोकप्रिय हाँस्य टेलीशृंखला *भद्रगोल*का चर्चित हाँस्यकलाकार सागर लम्साल (बले) ले रोमान्स गरेको भिडियो सार्वजनिक भएको छ।

सागरले मोडल स्नेहा पौडेलसँग रोमान्स गरेको भिडियो सार्वजनिक भएको हो। उनले एउटा नयाँ गीतको म्युजिक भिडियोका लागि स्नेहासँग रोमान्स गरेका हुन्। सोही भिडियो सार्वजनिक भएको हो। लोक गायिका मञ्जु पौडेलका चर्चित *तिमी लाइटर म भाको चुरोट*बाट मोडलिङ करिअरको शुरुआत गरेकी स्नेहा पछिल्लो समय योर स्टाइल टीभीले बनाएको वेबसिरिज *हाम्रो हाइस्कुल*मा पनि देखिएकी थिइन्।

ध्रुव विस्को र सरु गौतमको स्वर रहेको गीतमा भीम बीसीको शब्द तथा संगीत रहेको छ। बाबु प्रधानको संगीत संयोजनमा तयार भएको गीतको भिडियोमा सियोन श्रेष्ठको कोरियोग्राफी रहेको छ। उत्सव दाहालको छायांकन रहेको म्युजिक भिडियोलाई निशान घिमिरेले सम्पादन गरेका छन्।। पुल्चोक क्याम्पस र गौशालाको राममन्दिरमा छायांकन गरिएको गीतको भिडियोमा कुमार कट्वालको निर्माण तथा युवराज वाइवाको निर्देशन छ।

## बुटवल र ललितपुरमा फेरि उठ्नेछ नेपाल

नेपालका चर्चित सांगीतिक ब्यान्ड मुक्ति एन्ड रिभाइभल, रविन एन्ड द न्यू रिभोलुसन, अभया एन्ड द स्टिम इन्जन्स, द स्याडोज नेपाल र अनुप्रास्ताका सदस्यहरू आबद्ध नयाँ ब्यान्ड प्रोजेक्ट वानले बुटवल र ललितपुरमा कन्सर्ट गर्ने भएको छ।

ब्यान्डले आगामी माघ १३ गते शनिबार बुटवलस्थित बुटवल मण्डप र माघ २७ गते ललितपुरको जावलाखेल फुटबल मैदानमा *फेरि उठ्नेछ नेपाल* नाम दिइएको कन्सर्टमा दर्शकलाई सांगीतिक माहोलमा झुमाउनेछ। ब्यान्डवागन बाइ पोजिटिभ भाइब्सले स्थापना गरेको ब्यान्डको गायन समूहमा मुक्ति एन्ड रिभाइभलका मुक्ति शाक्य, रविन एन्ड द न्यू रिभोलुसनका रविन तामाङ, अभया एन्ड दि स्टिम इन्जन्सकी अभया सुब्बा, द स्याडोज नेपालका स्वप्नील शर्मा र अनप्रास्ताका निरन शाही छन्। *फेरि उठ्नेछ नेपाल*को तेस्रो संस्करणका रूपमा रहेको यो कन्सर्टमा ब्यान्डले *फेरि उठ्नेछ नेपाल*सहित नयाँ एल्बमका गीत र आफ्ना पुराना गीत दर्शकमाझ प्रस्तुत गर्नेछ।

ब्यान्डमा वाद्यवादनतर्फ गितारमा नेपथ्यका पूर्वलिड गिटारिस्ट तथा हरि महर्जन प्रोजेक्टका हरि महर्जन, द एक्स ब्यान्डका पूर्वलिड गितारिस्ट तथा टम्बलविड र श्री ३ का शरद श्रेष्ठ, अभया एन्ड द स्टिम इन्जन्सका राजीव रिन्छेन पाल्जोर, बशिष्टमा मुक्ति एन्ड रिभाइभलका रोशन कंसाकार र म्युजिक स्कोरर सुरज विष्ट, ड्रम्समा नेपथ्यका पूर्व ड्रमर तथा कान्ता डब डबका निखिल तुलाधर छन्। ब्यान्डको नयाँ एल्बमको पहिलो गीत यसै हप्ता सार्वजनिक हुँदैछ।




## कलाको वनैमा फुल्यो चमेली

रुकुम, (नेस)। तनहुँकी प्रतिभाशाली गायिका कला लम्साल लोकदोहरी क्षेत्रमा चलेकी छिन्। सानै उमेरमा सांगीतिक क्षेत्रमा प्रवेश गरेकी गायिका लम्सालको स्वरका धेरै गीत बजारमा आएका छन्।

पछिल्लो समयमा कलाको नयाँ कोशेली *वनैमा फुल्यो चमेली* बोलको गीतले बजार तात्तिएको छ। यतिबेला देश तथा विदेशमा कलाको सो गीतले दर्शक र स्रोतालाई लोभ्याएको छ। गायक रामजी खाँड र कलाको स्वर रहेको यो गीत हालै सार्वजनिक भएको हो। गीतमा शब्द र संगीत शंकर पन्तको छ भने यसको भिडियोमा रामजी र कलाले नै अभिनय गरेका छन्। भिडियोलाई दुर्गा पौडेलले छायांकन गरेका हुन् भने नवीन घर्ती मगरले सम्पादन गरेका छन्। निर्देशन मौसम हिमालीले गरेका छन्। स्टेज कार्यक्रममा समेत जम्दै आएकी लम्सालले बढीजसो नेपालीपन र नेपाली संस्कृतिको संरक्षण हुने खालका गीत गाएको र गाउने गरेको दाबी गरिन्।






'केहीले खुराफातीमा पीएचडी गरेका छन्। यसपटक तिनको विद्यावारिधिले घाम ताप्नेवाला छ। म दुनियाँले सुन्ने गरी भन्छु, हाम्रो एकता कसैले भाँड्न सक्दैन।'





एक महिनासम्म चल्ने स्वस्थानी /माधव नारायण व्रत मेला हाल साँखुमा चलिरहेको छ। माघ १ गतेदेखि साँखुबाहिरका विभिन्न मन्दिरहरूमा गई व्रत बस्ने चलन छ। *तस्वीर : मोनिका मल्ल/काठमाडौं*

## ओली बैंकक प्रस्थान

# 'को अध्यक्ष बन्छ १५ दिनमा टुंगो लाग्छ'

**नेपाल समाचारपत्र**
काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले १५ दिनभित्रै पार्टी अध्यक्षको विषय टुंगो लाग्ने बताउनुभएको छ। उहाँले आफू उपचार गरेर फर्किएलगत्तै पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने र को अध्यक्ष हुने भन्ने छिनोफानो हुने बताउनुभएको हो।

उहाँले ७ दिनमै फर्किएर पार्टी एकतालाई गति दिने उल्लेख गर्दै मंगलबारको पार्टी एकता संयोजन समिति बैठकले राष्ट्रियसभा निर्वाचन, प्रदेशसभा गठनमा २ पार्टीको तालमेलका लागि कार्यदल बनाएको बताउनुभयो। ओलीले निर्वाचन आयोग 'ब्ल्याकमेलिङ' को शिकार भएको आशंका गर्दै भन्नुभयो- 'हामीले सुनेका छौं, निर्वाचन आयोगसँग 'ब्ल्याकमेलिङ' गरिएको छ, हो होइन, आयोग जानोस्।' निर्वाचन परिणाम रोक्नु जनादेशको अनादर, अवमूल्यन र लज्जाजनक बहाना भएको बताउँदै ओलीले ३३ प्रतिशत सहभागिताप्रति संशय राखेर परिणाम रोक्नु गलत भएको बताउनुभयो। नियमित स्वास्थ्य जाँचको सिलसिलामा बैंकक प्रस्थान गर्नुअघि बुधबार त्रिभुवन विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै उहाँले निर्वाचन परिणाम सार्वजनिक गर्न र सरकार गठनका कानुनी अलमल भए चिकित्सक गोविन्द केसीलाई सोध्नु भन्दै व्यंग्य गर्नुभयो।

उहाँले भन्नुभयो- 'कानुनमा कुनै अप्ठ्यारो भए गोविन्द केसीलाई सोधे हुन्छ, उहाँले फटाफट भनिराख्नुभएको छ।' उहाँले एकता भाँड्न र पार्टीको आन्तरिक मामिलामा विभिन्न शक्तिले खेलिरहेको भन्दै कांग्रेसका केही खुराफाती डाक्टरले एकता भाँड्न लागेको आरोप लगाउनुभयो। भन्नुभयो- 'केहीले खुराफातीमा पीएचडी गरेका छन्। यसपटक तिनको विद्यावारिधिले घाम ताप्नेवाला छ। म दुनियाँले सुन्ने गरी भन्छु, हाम्रो एकता कसैले भाँड्न सक्दैन।' आफू पूर्णतया स्वस्थ भए पनि चिकित्सककै सिफारिसमा नियमित फलोअपमा जान लागेको स्पष्ट पार्दै ओलीले थाइल्यान्डमा कुनै राजनीतिक भेटघाट नहुने बताउनुभयो।

# देश रहेमात्र सबै रहन्छौं : *पूर्वराजा*

काठमाडौं, (नेस)

पूर्वराजा ज्ञानेन्द्र शाहले देश रहेमात्र सबै नेपाली रहने बताउनुभएको छ। २९६औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा बुधबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले सो विचार राख्नुभएको हो।

देश भनेकै मानव समाजकै समष्टिगत एकता, मौलिक संस्कृति, धर्म, परम्परा र विशिष्ट पहिचानको समग्र रूप हो भन्दै पूर्वराजा ज्ञानेन्द्र शाहले भन्नुभएको छ- 'देश रहेमात्र हामी र हाम्रो धर्म, संस्कृति, परम्परा एवं पहिचान रहन सक्दछ। हाम्रो मौलिकता बाँचेको अवस्थामा मात्र हामी आत्म गौरवका साथ बाँचिरहन सक्दछौं।'

उहाँले पुरानो नेपालको जगेर्ना गरेर मात्र नयाँ नेपाल बनाउन सकिने वास्तविकता आत्मसाथ गरी राष्ट्रिय स्वाभिमान पुनर्उत्थान तथा समृद्धिका निम्ति एकतावद्ध भई क्रियाशील बनेमात्र राष्ट्र निर्माताप्रतिको सच्चा सम्झना र देशप्रतिको कर्तव्यबोध ठहरिने धारणा राख्नुभएको छ।

पूर्वराजा ज्ञानेन्द्र शाहले नयाँ नेपालको सपना देखाउँदै गरिएको राजनीतिक परिवर्तनपश्चात् नेपालको सार्वभौमिक स्वतन्त्रता, राष्ट्रिय एकता, सामाजिक सद्भाव तथा क्षेत्रीय अखण्डता मक्किदै गएको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। 'आफ्नै भूमिभित्र एउटा नेपालीले अर्को नेपालीलाई वैरभावमा देख्ने परिस्थिति बनेको वर्तमानमा हिमाल, पहाड र तराईमा बसोबास गर्ने हामी नेपालीलाई भौगोलिक एवं सामाजिक एकताको कडीमा राख्नुपर्ने आजको यथार्थलाई सबैले सगौरव आत्मसाथ गर्नुपर्दछ' -उहाँको सन्देशमा उल्लेख छ।

नेपाली जनतामा निहित देशप्रतिको ममताभावले राष्ट्रिय जागरण पैदा गर्ने आशाको दियो जगाएको छ भन्दै पूर्वराजा शाहले नेपालप्रति सम्मान भाव नराखी यसको एकता र सद्भाव विथोल्न भएका अनेकौं प्रयास अझै जारी रहेकाले राष्ट्रिय धर्म, परम्परा, संस्कृति, राष्ट्रिय एकता र स्थायित्वको निम्ति थप प्रतिवद्धताका साथ जागृत हुन आह्वान गर्नुभएको छ।

# देशभरिका नर्सहरू आन्दोलनमा उत्रने

काठमाडौं, (नेस)

नेपालको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आएका नर्सहरूलाई सम्मानजनक व्यवहार र पारिश्रमिक नदिएको भन्दै कडा आन्दोलनमा उत्रने घोषणा गरेका छन्।

नेपाल नर्सिङ संघको आयोजनामा मंगलबार आयोजना गरिएको उपत्यका भेलाले सरकारले तत्काल संघले अघि सारेका मागहरू पूरा नगरे देशभरिका नर्सहरू कडा आन्दोलनमा उत्रने घोषणा गरेका छन्।

भेलाले आन्दोलनको तालिकासहित ११ बुँदे माग अघि सारेको छ। भेलाले अधिकारसहितको नर्सिङ सेवा महाशाखाको स्थापना, जनतालाई गुणस्तरीय नर्सिङ सेवा दिनका लागि नेपाल सरकारले बनाएको 'नर्स बिरामीको अनुपात' सबै अस्पतालमा यथाशीघ्र लागू हुनुपर्ने, नेपाल सरकारका नर्सहरूलाई उपलब्ध गराइरहेको न्यूनतम तलबभत्तासरह विभिन्न निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सलाई पनि तहगत हिसाबबाट उपलब्ध हुनुपर्ने, भोलेन्टियरका नाममा भएको नर्सको श्रमशोषण बन्द गरिनुपर्नेलगायतका माग अघि सारेको छ। भेलाले पुष २६ र २७ गते कालोपट्टी बाँधेर सेवा दिने र पुस २८, २९ र ३० गते सबै अस्पताल र शैक्षिक संस्थामा बिहान १० देखि ११ बजेसम्म ड्युटी छाड्ने निर्णय गरेका छन्।

उक्त अवधिमा माग पूरा नभए माघ १, २ र ३ गते १० देखि १ अर्थात् ३ घन्टा ड्युटी छाड्ने घोषणा गरेका छन्। त्यसैगरी ४, ५ र ६ गते सबै अस्पताल र शैक्षिक संस्थामा ८ देखि ४ बजेको सिफ्टको ड्युटी नगर्ने। त्यतिहुँदा पनि माग पूरा नभए माघ ७ गते स्वास्थ्यमन्त्रालय घेराउ तथा धर्ना कार्यक्रम रहेको संघका कार्यवाहक अध्यक्ष गंगा थापाले जनाकारी गराउनुभयो।

# कार्यदललाई काम थाल्न निर्देशन

काठमाडौं, (नेस)

नेकपा एमाले र माओवादी केन्द्रले राष्ट्रियसभा निर्वाचन, प्रदेशसभा गठन र प्रदेश सरकार निर्माणका लागि गठन गरेको कार्यदलले काम अगाडि बढाउन गृहकार्य शुरू गरेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमा बुधबार एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहित बसेको कार्यदलको बैठकले काम गर्न निर्देशन दिएलगत्तै कार्यदलको बीचमा छलफल शुरू भएको हो।

बैठकमा सहभागी कार्यदल सदस्य तथा माओवादी केन्द्रका नेता वर्षमान पुनले कार्यदलले ४ वटा मापदण्डका आधारमा काम शुरू गर्ने सहमति भएको बताउनुभयो। उहाँका अनुसार राष्ट्रियसभा र प्रदेशसभाका विभिन्न पदाधिकारीको व्यवस्थाबारे प्रारम्भिक छलफल भएको छ। कार्यदलले गृहकार्य गरेर राष्ट्रियसभाको निर्वाचनमा साझा उम्मेदवार, प्रदेश सरकारको गठन, प्रदेशको मुख्यमन्त्री, सभामुखलगायतका विषयमा साझा धारणा बनाएर पार्टी एकता संयोजन समितिमा प्रतिवेदन पेस गर्ने भएको छ।

प्रदेशसभा र स्थानीय तहमा दुवै दलले प्राप्त गरेको सिट संख्या र मतभारलाई आधार बनाएर, विभिन्न व्यक्तिले भोलिका दिनमा खेल्न सक्ने भूमिकालाई ख्याल गरी प्रभावकारी ढंगले सरकार र संसद्मा नेतृत्व गर्न सक्ने र दुवै पक्षको सन्तुलनलाई ख्याल राखेर सिट विभाजन गरेर काम गर्ने म्यान्डेट पाएको नेता पुनले जानकारी दिनुभयो।

बैठकबारे जानकारी दिँदै एमाले नेता तथा कार्यदल सदस्य शंकर पोखरेलले नेकपा एमालेका अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कार्यदललाई तत्काल काम शुरू गर्न निर्देशन दिनुभएको बताउनुभयो। प्रदेशसभा गठनका सन्दर्भमा निर्वाचनमा प्राप्त गरेको मतभारलाई आधार मान्दै एकताको भावनाले काम गर्ने निर्देशन भएको बताउँदै उहाँले सोही प्रक्रियाअनुसार काम अगाडि बढाउने बताउनुभयो।

कार्यदलमा एमाले नेता सुवास नेम्वाङ, शंकर पोखरेल र सुरेन्द्र पाण्डे तथा माओवादी केन्द्रबाट रामबहादुर थापा बादल, वर्षमान पुन र मातृका यादव सदस्य रहनुभएको छ। कार्यदलको बैठक सम्पन्न भएलगत्तै एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको बीचमा छुट्टै भेटवार्ता भएको थियो।

## प्रेसलाई दुरूपयोग वा नियन्त्रण गर्ने कार्य असैह्य : *मिडिया सोसाइटी*

काठमाडौं, (नेस)

नेपधाल मिडिया सोसाइटीले प्रेसलाई दुरूपयोग वा नियन्त्रण गर्ने कुनै पनि कुरा आफ्ना लागि सैह्य नहुने जनाएको छ।

लोकतान्त्रिक दिशामा अग्रसर भइरहेको नेपाली समाजको प्राणबायु रहेको बताउँदै सोसाइटीका तर्फबाट अध्यक्ष पुष्करलाल श्रेष्ठ र महासचिव शुभशङ्कर कँडेलद्वारा बुधबार जारी प्रेस वक्तव्यमा भनिएको छ। मिडियामा समाचार कसरी बन्छ, कस्तो कुरा प्रकाशन र प्रसारण हुन्छ भन्ने कुरा सबैभन्दा बढी जानकार र सचेत नेपाल मिडिया सोसाइटी रहेको समेत सबैलाई स्मरण गराउन चाहन्छौं।

सो वक्तव्यमा केही समय पहिले कथित समाचारको स्रोतको बहानबाजीमा केही अनलाइनहरू पत्रकारमाथि गरिएका अभ्रद व्यवहार, प्रहरीबाट भएका अमर्यादित पत्राचार तथा हथकण्डा तत्काल रोक्न माग गरिएको छ। व्यवसायी अजयराज पराजुली सुमार्गीले कान्तिपुर दैनिकका प्रकाशक कैलाश सिरोहियाविरुद्ध जिल्ला प्रशासन कार्यालयमा दिएको जिउधन सुरक्षासम्बन्धी निवदेनप्रति चासो व्यक्त गर्दै त्यस्तो कार्यबाट नेपाली प्रेसलाई धम्काउने नयाँ प्रपञ्चको शुरुआत भएको सोसाइटीले ठहर गरेको सो वक्तव्यमा उल्लेख गरिएको छ।

## लोलाङ हाइटमा चोरी

काठमाडौं, (नेस)

तारकेश्वर नगरपालिका-५ लोलाङ हाइटमा डेरा गरी बस्ने भक्तपुरको चाँगुनारायण नगरपालिका-७ की सीता खड्का र उनकै बहिनी रञ्जना खड्काको कोठामा गएराति कोही नभएको अवस्थामा कोठाको ताल्चा फुटाई सुनचाँदीका विभिन्न गरगहना, टिभी, नगद ६ हजारसमेत गरी करिब १ लाख ५९ हजार ५ सय रुपियाँबराबरको धनमाल चोरी भएको छ। चोरहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सडकमा हेर्ने थापाको रहर

काठमाडौं, (नेस)। प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले जनताले आफ्नो पार्टीलाई सदनमा नभई सडकमा हेर्न चाहेको बताउनुभएको छ।

बुधबार रिपोटर्स क्लबमा आयोजित साक्षात्कारमा बोल्दै राप्रपा अध्यक्ष थापाले हालैको निर्वाचनमा आफ्नो पार्टीको बिउ मात्र जोगिएको भन्दै अब सडककेन्द्रित आन्दोलन शुरू गर्ने बताउनुभयो। कल्पनै नगरेको चुनावी परिणाम व्यहोर्नुपरेकोमा चिन्तित देखिनुभएका थापाले भन्नुभयो- 'हामीले कल्पना नगरेको मतपरिणाम भोग्नुपर्‍यो, निराशाजनक र अकल्पनीय नै थियो, निर्वाचनमा व्यहोरेको पराजयको बारेमा समीक्षा र अध्ययन हुँदै छ।'

# काउन्सिलको अपिल

काठमाडौं, (नेस)। प्रेस काउन्सिल नेपालले डा. गोविन्द केसीले दिनुभएको अभिव्यक्तिपछि उत्पन्न परिस्थितिपछि समाजमा आइरहेका विचारका सम्बन्धमा समाचार सम्प्रेषण गर्दा संयमित हुन पत्रकारलाई अपिल गरेको छ। मुलुक राजनीतिक संक्रमणमै रहेको अवस्थामा न्यायालयप्रति अनास्था बढ्दै गएमा त्यसले समाजमा नै नैराश्यता र अराजकता निम्त्याउन सक्ने भन्दै काउन्सिलले स्वयम् डा.गोविन्द केसीलगायत जुनसुकै मर्यादित संस्था वा व्यक्तिका बारेमा अतिरञ्जना वा भ्रम सिर्जना गर्ने ध्येयले समाचार-सामग्री सम्प्रेषण नगर्नसमेत आग्रह गरेको छ।

काउन्सिलका तर्फबाट सहप्रशासकीय अधिकृत एवम् सूचना अधिकारी दीपक खनालद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा मुलुकमा चिसो र शीतलहरका कारण मृत्यु भएका नागरिकको समाचार र तस्वीर सार्वजनिक गर्दासमेत गम्भीर बन्न ध्यानाकर्षण गराउँदै भनिएको छ- 'शीतलहरलगायत यस्ता विषयमा अत्यन्तै संयमित भई पत्रकार आचारसंहिताको समेत पालना गरी सत्यता-तथ्यपरकता, सन्तुलन, वस्तुनिष्ठता, शिष्टतामा ध्यान दिएर समाचार सम्प्रेषण गर्न प्रेस काउन्सिल नेपाल सबैमा हार्दिक अपिल गर्दछ।'

**नेपाल सरकार**
**खानेपानी तथा ढल निकास विभाग**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नुवाकोट**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(सूचना प्रकाशित मिति २०७४/९/२७)

यस कार्यालयबाट मिति २०७४/९/३ गते नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तल उल्लेखित आपूर्तिकर्ताको न्यूनतम मूल्याङ्कित अङ्क सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | आपूर्तिको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क रु (भ्याट बाहेक) |
|---|---|---|---|
| २-०७४।७५ | विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि. पाइप सप्लाई कार्य | यति प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि., काभ्रे । | ३१,४२,५६५।०० |

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, कार्य सफल, पढाइ-लेखाइमा सफलता।
**वृष** : आर्थिक लाभ, खेलकुद, परीक्षा आदिमा सफलता, सुख-सन्तोष।
**मिथुन** : आर्थिक भार, काममा असफलता, खर्च वृद्धि, चिन्ता।
**कर्कट** : पेटमा समस्या, दौडधुप, पारिवारिक विवाद, हैरानी।
**सिंह** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, शुभ समाचार।
**कन्या** : धननाश, शारीरिक कष्ट, चिन्ता, खर्च वृद्धि, हुनेछ।
**तुला** : खाद्यान्न-धनसम्पत्ति प्राप्ति, कार्य सफल, उपहार प्राप्ति।
**वृश्चिक** : रोगको भय, विवाद, चोटपटकको सम्भावना छ।
**धनु** : आर्थिक लाभ, कसैबाट सहयोग, मिष्ठान्न भोजन प्राप्ति।
**मकर** : सुख-शान्ति, गरेका कार्य सफल, स्फूर्ति बढ्नेछ।
**कुम्भ** : राज्य एवं राजनीतिकर्मीबाट भय, इज्जत गुम्ने खतरा।
**मीन** : अस्वस्थता, गरिरहेको कार्यमा बाधा व्यवधान, धन हानि।

# नेपाल

धुर्मुस-सुन्तली फाउन्डेसनले पनि तिलाठी कोइलाडी गाउँपालिका-४ र ८ का दलित बस्तीमा १ सय ५२ थान कम्बल वितरण गरेको छ।

# नि:शुल्क कम्बल वितरण



**नेपाल समाचारपत्र**

राजविराज

लागूऔषधविरुद्ध संगठित अभियान चलाउँदै आएको नार्कोनन् नेपालकी उपनिर्देशक पूजा कुँवरले जिल्लाका असहाय, अशक्त, अपांग र गरिब परिवारलाई बुधबार नि:शुल्क कम्बल वितरण गरेकी छन्।

कुनै बेला सप्तरीमा प्रहरी प्रमुख भई हाल नार्कोनन्का राष्ट्रिय निर्देशक रहेका वसन्तराज कुँवरकी धर्मपत्नी पूजाले लगातारको शीतलहरले सप्तरीमा डेढ दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भएको सामाचार थाहा पाएपछि यहाँ आइपुगेको बताइन्।

विपन्न परिवारका जेष्ठ नागरिक तथा बालबालिका कठ्यांग्रिएर जीवनसँग संघर्ष गर्नुपरेको दु:खद् खबरले आफूलाई सहयोगका लागि डोऱ्याएर ल्याएको उनले सुनाइन्। उनले आफूले ल्याएको सहयोग कुनै संस्था वा सरकारी निकायको नभई व्यक्तिगत सहयोग भएको बताइन्। शीतलहरले थलिएको जीवनलाई तत्काल केही राहत दिन आफैं पीडितको घरदैलोमा पुगेर वितरण गरिरहेको उनको भनाइ छ।

बुधबार उनले छिन्नमस्ता, कोचावखारी, लालापट्टी, मोहनपुर र राजविराज नगरपालिकामा गरी ३ सय ६१ परिवारलाई कम्बल वितरण गरेकी हुन्। कम्बल वितरण कार्यक्रममा नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादव, प्रेस काउन्सिलका पूर्वसदस्य शिवहरि भट्टराई, जनप्रतिनिधि मागिलाल नाई, पत्रकार मनोज माझी, दिनेश शर्मालगायतको उपस्थिति थियो।

यता शितलहरले जीवन अतिकष्टकर बन्दै गएको बेला नाको नन्की उपनिर्देशक पूजाले घरमै आएर कम्बल उपलब्ध गराइदिएपछि चिसो पीडित गरिब असहायमा खुसीयाली छाएको थियो।

यसबीच, धुर्मुस-सुन्तली फाउन्डेसनले पनि तिलाठी कोइलाडी गाउँपालिका-४ र ८ का दलित बस्तीमा १ सय ५२ थान कम्बल वितरण गरेको छ। फाउन्डेसनका अध्यक्ष तथा हाँस्यकलाकार सीताराम कट्टेल आफैं उपस्थित भई वडा नं. ८ का ५४ घर मुसहर र वडा नं. ४ का ७८ मुसहर र २० घरपरिवारलाई कम्बल वितरण गरेका छन्।

## कार्यालय प्रमुख नहुँदा सेवाग्राही मर्कामा

बारा, (नेस)

इलाका प्रशासन कार्यालय सिमरामा कार्यालय प्रमुख लामो समयदेखि अनुपस्थित हुँदा सेवाग्राही समस्यामा परेका छ। सर्वसाधारण जनताको प्रत्यक्ष सरोकार राख्ने कार्यालय प्रमुख विगत दुई महिनादेखि प्रमुखविहीन बनेपछि सेवाग्राहीले सास्ती बेहोर्नु परेको हो। प्रमुख नहुँदा सेवाग्राहीले नागरिकतालगायत अन्य सेवा, सुविधाबाट वञ्चित हुनुपरेको छ।

प्रमुख नहुँदा दैनिक नागरिकता बनाउन र राहदानीको सिफारिस लिन आउने सेवाग्राही त्यसै फर्किने गरेको कार्यालयका नायब सुब्बा सवीर अन्सारीले जानकारी दिए। कार्यालयमा नागरिकताका लागि दैनिक २०/२५ र राहदानी सिफारिसका लागि १५/२० आउने गरेको उनले सुनाए। इलाका प्रशासन कार्यालयबाट सेवा नपाएपछि सर्वसाधारणले राहदानी सिफारिस र नागरिकताको लागि जिल्ला प्रशासन कार्यालय कलैया धाउनुपर्ने बाध्यता छ।

कार्यालयमा लागि एक जना उपसचिव, पाँच जना नायब सुब्बा, दुई जना शाखा अधिकृतलगायत कर्मचारीको दरबन्दी रहे पनि उपसचिव र दुई जना शाखा अधिकृतको दरबन्दी अझै पनि रिक्त छ। जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले कर्मचारी व्यवस्थाका लागि विभागमा पत्रचार गरिएको र चाँडै पदपूर्ति हुने बताए।

## पिताको स्मृतिमा चेपाङलाई कम्बल

**नेपाल समाचारपत्र**

हेटौंडा

नेपाली कांग्रेस मकवानपुरका सभापति, मकवानपुर क्षेत्र नम्बर-२ को प्रदेश (२) प्रदेशसभा सदस्य निर्वाचित इन्द्रबहादुर बानियाँले आफ्ना पिता क्षेमबहादुर बानियाँको स्मृतिमा मनहरि गाउँपालिका-४, नयाँबस्तीमा कम्बल वितरण गर्नुभएको छ।



बाढीबाट विस्थापित भएर नयाँबस्तीको जंगलमा आश्रय लिएर बसिरहेका बनकरिया, प्रजा, तामाङलगायत ३ सय १५ परिवारलाई उहाँले कम्बल वितरण गर्नुभएको हो। जाडोमा कठ्यांग्रिएर रात बिताउन बाध्य मनहरि गाउँपालिका-४ स्थित अजिंगरे, चिसापानी, च्वारपाखा, लामपाखा, बनकरिया र डोलबारी टोलका ३ सय १५ परिवारलाई कम्बल वितरण गरिएको हो।

कम्बल वितरण कार्यक्रममा पूर्वगृहराज्यमन्त्री बानियाँले आफूले पहिले बाढीबाट विस्थापित हुनेबित्तिकै त्रिपाल, म्याटलगायत खाद्यवस्तु वितरण गरेको र यो जाडोमा थोरै भए पनि मद्दत पुगोस् भनेर कम्बल वितरण गरेको बताउनुभयो।

बानियाँले त्यहाँका विस्थापित परिवारलाई जतिसक्दो चाँडो गाउँपालिकासँग समन्वय गरेर स्थायी बसोबासको व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्नुभयो। बानियाँले केही दिनभित्र विकट राक्सिराङ र मनहरि गाउँपालिकाका दिल्लीपुर, वसन्तपुरका विपन्न चेपाङ तथा बनकरियालाई थप ३ सय कम्बल वितरण गरिने बताउनुभयो।

## बञ्चरो प्रहार गरी सौताको हत्या

सल्यान, (नेस)

सल्यानमा एक महिलाले आफ्नी सौतालाई बञ्चरो प्रहार गरी हत्या गरेकी छन्।

जिल्लाको दार्मा गाउँपालिका-३ फारुलाचौरकी ३२ वर्षीया रुपा खत्रीलाई उनकी सौता कल्पना चन्दले बञ्चरो प्रहार गरी हत्या गरेकी हुन्।

हत्या गर्ने कल्पना चन्द अहिले फरार रहेको प्रहरीले जनाएको छ। मंगलबार राति १० बजे भएको झगडापछि बुधबार बिहान १ बजेतिर कल्पना चन्दले बञ्चरो प्रहार गरेको प्रहरीले जनाएको छ।

चन्दको खोजी भइरहेको र थप अनुसन्धान पनि भइरहेको प्रहरी नायव उपरीक्षक भरतबहादुर विकले जानकारी दिनुभयो। मृतक खत्रीलाई जिल्ला अस्पताल सल्यानमा पास्टमार्टमका लागि ल्याइएको उहाँले जानकारी दिनुभयो। मृतक खत्रीका ३ छोरी र १ छोरा छन्।

# सडक दुर्घटना न्यूनीकरण गर्न ऐना

**सिर्जना पन्त, बागलुङ**

घाँटी तन्काई-तन्काई विपरीत दिशाबाट आएका सवारी हेर्नुपर्ने समस्या हट्यो

दुर्घटनाको सम्भावना भएका स्थानमा कन्भेक्स मिरर राखेपछि घाँटी तन्काई-तन्काई विपरीत दिशाबाट सवारी आए नआएको हेरेर मात्र अगाडि बढ्नुपर्ने समस्या समाधान भएको सवारी चालक दीपेन्द्र केसीले बताउनुभएको छ।

बागलुङ-पोखरा सडकखण्डअन्तर्गत बागलुङ र पर्वतका सडक दुर्घटनाको सम्भावना भएका विभिन्न स्थानमा सडक डिभिजन कार्यालय बागलुङले ट्राफिक सुरक्षा कार्यक्रमअन्तर्गत कन्भेक्स मिरर राख्ने, घुम्ती काट्ने, ट्राफिक सचेतनाका चिह्नहरू राख्ने र पर्खाल निर्माण गर्ने काम गरेसँगै सवारी चलाउँदा पहिलेभन्दा बढी सुरक्षाको अनुभूति हुन थालेको उहाँले बताउनुभएको छ।

अर्का सवारी चालक खगेन्द्र थापाले सडक डिभिजन कार्यालयले मिरर राखेको भए पनि स्थान छनोट गर्दा थप ध्यान दिनुपर्ने बताउनुभएको छ। उहाँले कार्यालयले गरेको काम प्रशंसनीय भए पनि प्राविधिकरूपमा थप अध्ययन गरेर मिररहरू उपयुक्त ठाउँमा राख्नुपर्ने बताउनुभयो।



सडक डिभिजन कार्यालय बागलुङले बागलुङ र पर्वत सडकखण्डमा ट्राफिक प्रहरीसँग सहकार्य गरेर दुर्घटना सम्भाव्यता भएका ४० स्थानमा कन्भेक्स मिरर राखिएको छ। २०७३ फागुन मा टेन्डर आह्वान गरेर शुरू गरिएको ट्राफिक सुरक्षा परियोजनाअन्तर्गत कार्यालयले १९ लाख ८३ हजार लागतमा कन्भेक्स मिरर राख्ने, घुम्ती काट्ने, ट्राफिक सचेतनाका चिह्नहरू राख्ने र पर्खाल निर्माण गर्ने काम सम्पन्न गरेको छ। त्रिशक्ति तिलक जीबी बागलुङले १ लाख ४० हजारमा ४० वटा कन्भेक्स मिरर, ७ लाख १० हजारमा घुम्ती काट्ने, १ लाख २६ हजारमा ट्राफिक सचेतना संकेत राख्ने र ९ लाख १० हजारमा पर्खाल निर्माण गर्ने काम सम्पन्न गरेको सडक डिभिजन कार्यालय बागलुङका सब इन्जिनियर दीपकराज पौडेलले बताउनुभयो। पौडेलले बागलुङ र पर्वतका ट्राफिक प्रहरीसँग सहकार्य गरेर मिररको सुरक्षा व्यवस्था मिलाउन आग्रह गरिएको बताउनुभएको छ। उहाँले पर्वतमा २१ र बागलुङमा ९ गरी दुवै जिल्लाका अति सम्वेदनशील स्थानमा मिरर राखिएको भए पनि प्राविधिकरूपमा कुनै स्थानमा नमिलेको गुनासो आएको हुनाले छिट्टै स्थान परिर्वतन गरिने बताउनुभएको छ।

जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख छबबहादुर घर्तीले कन्भेक्स मिररले दुर्घटना न्यूनीकरणमा मात्र नभएर सवारी चालकहरूलाई समेत सचेत भएर सवारी चलाउने वातावरण बनाउनका लागि मद्दत मिल्ने बताउनुभएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
बिहीबार
२७

‘पत्रकारको हतियार कलम
हो, प्रहरीले लिने हतियार
प्रहरीले दुरुपयोग गरेमा के हुन्छ ?
हामीहरुको हकमा पनि त्यही हो।’

# नेपाल



हाल अन्नपूर्ण गाउँपालिका-११ कास्की, साविक घान्द्रुक गाविस-७ साम्रोङ र ९-भिनु जोड्ने झोलुंगे पुल निर्माण कार्यका लागि लट्ठा बोक्दै स्थानीय बासिन्दा। तस्वीर : टंकराज अधिकारी, पोखरा

# महाकाली करिडोर निर्माण कार्य अवरुद्ध

**विनोदसिंह विष्ट, बैतडी**

अ सरकारकोप्राथमिकता प्राप्त योजनामध्येको महाकाली करिडोर निर्माण कार्य अवरुद्ध भएको छ। महाकाली करिडोरअन्तर्गत बैतडी र डडेल्धुरामा निर्माण कार्य अवरुद्ध भएको दार्चुला तिंकर सडक योजनाका प्रमुख रामचन्द्र शाहले बताउनुभयो। कञ्चनपुरको बह्मदेवदेखि दार्चुलाको खलंगासम्मको २ सय ९१ किलोमिटर सडकको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) नहुँदा निर्माण कार्यमा अवरोध भएको हो। उहाँले भन्नुभया- ‘दार्चुलादेखि तिंकरसम्मको १ सय ३५ किलोमिटर सडकखण्डमा भने निर्माण कार्य भइरहेको भए पनि विस्फोटक पदार्थको अभावमा काम गर्न समस्या भएको छ।’

कञ्चनपुरको बह्मदेवदेखि सडक निर्माणका लागि ठेक्का नै हुन सकेको छैन। वातावरणीय प्रभाव मूल्यांकन नहुँदा सडक निर्माणको ठेक्का हुन नसकेको हो। ठेक्का भएर काम शुरू गरिएको डडेल्धुराको जोगबूढा क्षेत्रमा पनि बीचमा जंगल परेपछि सडक निर्माण कार्य अवरुद्ध भएको छ। यता बैतडीको त्रिपुरासुन्दरीदेखि १० किलोमिटर ट्र्याक खोलिएको भए पनि अब जंगल क्षेत्र पर्ने भएकाले निर्माण कार्य रोकिने योजना प्रमुख शाहले जानकारी दिनुभयो। महाकाली करिडोरमा वातावरणीय प्रभाव मूल्यांकन नभएकाले निर्माण कार्य रोकेको जिल्ला वन कार्यालय बैतडीका सहायक वन अधिकृत रामप्रसाद चौधरीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘यति ठूलो राजमार्गको वातावरणीय प्रभाव मूल्यांकनबिनै काम भइरहेकाले रोकिएको हो।’

महाकाली करिडोरको वातावरणीय मूल्यांकनको अन्तिम प्रतिवेदन वातावरण मन्त्रालय पुगेको र अब डेढ महिनाभित्रै प्रतिवेदन तयार हुने योजना प्रमुख शाहको भनाइ छ। महाकाली नदीको किनारै-किनार कञ्चनपुरदेखि निर्माण कार्य शुरू भएको महाकाली करिडोरको निर्माण कार्य ईआईएको अभावमा रोकिएको छ। उता दार्चुलाको दार्चुला सदरमुकामदेखि उत्तरी चीनसम्मको नाका जोड्ने सडक निर्माण कार्य शुरू भएको ८ वर्षमा ३४ किलोमिटर मात्रै निर्माण भएको छ। अहिलेसम्म २८ किलोमिटरमा मात्रै गाडी सञ्चालनमा छन्। दार्चुला तिंकर सडक योजनाले अहिले महाकाली करिडोरको जिम्मेवारी लिएको छ।

चालू आर्थिक वर्षमा ३० करोड बजेट छुट्याइएको ब्रह्मदेवदेखि डडेलधुरा, बैतडी हुँदै दार्चुलाको तिंकरसम्मको ४ सय २६ किलोमिटर सडकखण्ड ईआईए नबन्दा रोकिएको दार्चुला तिंकर सडक योजनाका प्रमुख शाहले बताउनुभयो। कञ्चनपुरको बह्मदेवमा सडक निर्माणका लागि ठेक्कासमेत भएको छैन। उहाँले भन्नुभया- ‘डडेलधुरा, बैतडी र दार्चुलामा गरी तीन खण्डमा निर्माण कार्य चलिरहेकै बेलामा वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) बिना काम नगर्न दबाब आएपछि काम रोकिएको छ।’ दार्चुला तिंकर सडक निर्माण गर्न चाहिने १० टन विस्फोटक पदार्थ नेपाली सेनाले दिन नसक्दा निर्माण कार्य अघि बढ्न नसकेको योजना प्रमुख शाहको भनाइ छ। तिंकर सडकको पीपलचौरीको विजयपुर भीर, राप्लाको फतङगाडदेखि घाँटी बगर क्षेत्रमा सडकको ट्र्याक खोल्न विस्फोटक पदार्थ आवश्यक छ।



# स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि अभाव

**राम धामी, डडेल्धुरा**

स्थानीय तहमा हस्तान्तरण भएपछि डडेल्धुराका स्वास्थ्य संस्थामा औषधि अभाव भएको छ।

नेपाल सरकारले तोकेका ३२ प्रकारका निःशुल्क औषधि स्थानीय तहले खरिद गर्न नसकेका कारण डडेल्धुराका स्वास्थ्य संस्थामा औषधिको अभाव भएको हो। स्थानीय तहले औषधि खरिद गर्नका लागि आवश्यक रकम उपलब्ध गराउन नसक्दा औषधि अभाव भएको जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुराले जनाएको छ।

चिसोका कारण बिरामीहरूको संख्या बढ्दै गएपछि हाल जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा सिटामोल, ब्रोफिन र डाइजिनजस्ता अत्यावश्यक औषधि पाउन छाडिएको जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुराका वरिष्ठ जनस्वास्थ्य प्रशासक बिर्खबहादुर शाहीले बताए।

जिल्लाको अजयमेरु गाउँपालिकाको समैजी स्वास्थ्य चौकी, परशुराम नगरपालिकाको साँदनी स्वास्थ्य चौकी, जोगबूढा अस्पताल, परिगाउँ स्वास्थ्य चौकी, भागेश्वर गाउँपालिकाको रुपाल स्वास्थ्य चौकी, बगरकोट स्वास्थ्य चौकी र गन्यापधुरा गाउँपालिकाको अहिशग्राम र गणेशपुर स्वास्थ्य चौकीमा अत्यावश्यक औषधिको अभाव भएको हो।

‘स्थानीय तहमा हस्तान्तरण हुनुभन्दा अघि पनि औषधिको अभाव हुने गरेको हुन्थ्यो, अहिले झनै अन्योल भएको छ’ -अजयमेरु गाउँपालिका समैजी स्वास्थ्य चौकीका इन्चार्ज कृष्ण पालले बताए।

स्वास्थ्य मन्त्रालयको निर्देशनमा डडेल्धुराका सबै स्वास्थ्य संस्था स्थानीय तहमा हस्तान्तरण भइसकेका छन्। ‘स्थानीय तहमा हस्तान्तरण भइसकेपछि सम्बन्धित नगरपालिका र गाउँपालिकाले यसको जिम्मेवारी लिनुपर्छ’, वरिष्ठ जनस्वास्थ्य प्रशासक वृष शाहीले भने- ‘जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहको जिम्मेवारी सम्बन्धमा सरकारले प्रष्ट पारिदिएमा स्वास्थ्यकर्मीलाई काम गर्न सजिलो हुन्छ।’

जिल्लामा दुई नगरपालिका र पाँच गाउँपालिका गरी सातओटा स्थानीय तह छन्। सात वटै स्थानीय तहमा रहेका स्वास्थ्य केन्द्रमा अत्यावश्यक पर्ने सिटामोलसम्म छैन। औषधिको अभावमा गाउँमा रहेका बिरामीलाई समस्या भएको छ। गाउँमा औषधि पसल नहुँदा सामान्य औषधि खरिदका लागि जिल्ला सदरमुकामसम्म धाउनुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। ‘नेपाल सरकारले दिएका सम्पूर्ण औषधि पाउनु त कता हो कता सामान्य सिटामोलसम्म पाउन सकेका छैनन्’, परशुराम नगरपालिका-७ सादनीका बासिन्दा वीरेन्द्र भण्डारीले भने- ‘स्थानीय तहको चरम लापरवाहीको मार गाउँका बिरामीले खेप्नुपरिरहेको छ।’

निःशुल्क वितरण गरिने परिवार नियोजनका साधनसमेत स्थानीय स्वास्थ्य संस्थामा पाइन छाडेको स्थानीय बासिन्दाको गुनासो छ। जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुराले भने ७ वटै स्थानीय तहसँग छलफल र अन्तरक्रिया गरी तत्काल अत्यावश्यक औषधिको आपूर्तिका लागि पहल गर्ने जनाएको छ।

# ‘पत्रकारको हतियार कलम’

लमजुङ, (नेस)

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यले पत्रकारको कलम दमित नभई मुक्त कण्ठले चल्नुपर्छ भन्नुभएको छ। उहाँले प्रेस काउन्सिल नेपालको आयोजना तथा पत्रकार महासंघ जिल्ला शाखाको संयोजनमा जिल्ला सदरमुकाम बेंसीशहरमा आयोजना गरिएको कार्यक्रमको उद्घाटनका अवसरमा सो कुरा बताउनुभएको हो।

आचारसंहिता जागरण अभियानका सन्दर्भमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै न्यायाधीश आचार्यले भन्नुभयो- ‘आचारसंहिताको पालना नैतिकतामा निर्भर रहने विषय हो, यसले पेसालाई मर्यादित बनाउने काम गर्दछ। तर त्यसका आडमा पत्रकारले दमित वा त्रसित भएर मौन बस्ने वा कलम नै नचलाउने गर्नु हुँदैने।’ उहाँको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता भन्ने उल्लेख हुनुका साथै प्रशारण वा प्रकाशनपूर्व कुनै पनि समाचारमा प्रतिबन्ध नलगाइने भन्ने व्यवस्थाले यसको गरिमाको बोध गराउँछ भन्नुभयो। उहाँले भन्नुभयो- ‘तर न्यूज र भ्यूजमा फरक हुनुपर्छ, कहिलेकाहीं के हो ? भन्ने द्विविधा पनि पर्ने गरेको र त्यसतर्फ पत्रकारहरू सचेत हुन आवश्यक छ।’

यसै गरी प्रमुख जिल्ला अधिकारी युवराज मैनालीले भन्नुभयो- ‘पत्रकारहरू आफूले आफैंलाई फर्केर हेर्न जरुरी छ, आत्मसमीक्षा गर्दै अघि बढ्न सल्लाह दिन्छु।’ यसै गरी प्रेस काउन्सिलकी सदस्य संगीता खड्काले भन्नुभयो- ‘पत्रकारको हतियार कलम हो, प्रहरीले लिने हतियार प्रहरीले दुरुपयोग गरेमा के हुन्छ ? हामीहरूको हकमा पनि त्यही हो।’ प्रेस काउन्सिलले पत्रकारलाई दण्डको डण्डा देखाउने मात्र नभई तालिम, उपचार खर्च, उपकरण खरिदमा २५ प्रतिशत अनुदान तथा प्रेस किन्दा केही व्याजमा सहुलियत दिने गरेको छ।

**श्री हारतीमाँ सेभिङ एण्ड क्रेडिटको-अपरेटिभ लि.को १४औं तथा १५औं वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस संस्थाको मिति २०७४ साल पुष १८ गते मंगलबारका दिन बसेको १८३औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १४औं तथा १५औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा तल उल्लेखित विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूलाई साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु। साधारण सभा बस्ने सूचना शेयरधनी महानुभावहरूलाई पठाइसकिएको छ। यदि कसैलाई सो सूचना प्राप्त नभएको भए यसैलाई सूचना मानी सभामा उपस्थित हुन अनुरोध छ।

(१) सभा हुने मिति, समय र स्थान :
मिति : १६ माघ, २०७४ मंगलबार,
समय : बिहान ११ : ३० बजे
स्थान : भिभा बैंक्वेट्स, बुद्धबारी, टेकु, काठमाण्डौं ।।Viva Banquets,Teku।

(२) छलफलका विषयहरू :
१) १४औं तथा १५औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूबाट प्रस्तुत गरिने आ. व. ०७२/७३ र आ.व. ०७३/०७४को प्रतिवेदन अनुमोदन गर्ने।
२) लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व.०७२/७३ र आ. व. ०७३/०७४को वासलात र नाफा नोक्सान हिसाब पारित गर्ने।
३) आ.व. ०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४) संस्थाका अध्यक्षको भत्ता निर्धारण गर्ने।
५) सञ्चालक समितिको निर्वाचन/नियुक्ति गर्ने तथा सो सम्बन्धि कार्यक्रम नियमानुसार संस्थाको सूचना पाटिमा टाँस गर्ने।
६) १४औं तथा १५औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सभामा उपस्थित सञ्चालकज्यूहरु तथा शेयरधनी महानुभावहरु मध्येबाट ८ जना प्रतिनिधि चयन गर्ने
७) विविध

सञ्चालक समितिको आज्ञाले
सचिव
श्री हारतीमाँ सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

# माटोको ढिस्कोले च्यापिएर बालकको मृत्यु

डोटी, (नेस)

डोटीमा तरुल खन्ने क्रममा माटोको ढिस्कोले च्यापिएर एक बालकको ज्यान गएको छ। डोटीको जोरायल गाउँपालिका-३ सरस्वतीनगरको नौकुणाका ओमबहादुर मगरका १० वर्षीय छोरा तुलबहादुर मगरको माघीका लागि तरुल खन्ने क्रममा माटोको ढिस्कोले च्यापिएर ज्यान गएको इलाका प्रहरी कार्यालय जोरायलले जनाएको छ।

घरनजिकैको जंगलमा तरुल खनिरहेका बेला माथिबाट माटोको ढिस्को खसेर च्यापिएका मगरको तत्काल उद्धार हुन नसक्दा ज्यान गएको स्थानीय बासिन्दा मानबहादुर खड्काले जानकारी दिनुभयो।

# अर्नाको आक्रमणले वृद्ध घाइते

राजविराज, (नेस)

कोशी टप्पु वन्यजन्तु आरक्षबाट निस्केको अर्नाले आक्रमण गर्दा बुधबार सप्तरीको सप्तकोसी नगरपालिका-५ सदा बस्तीका ५० वर्षीय झपड सदा घाइते भएका छन्।

बाख्रालाई घाँस काट्न गएका बेला बाँसघारीमा बसेको अर्नाले सदालाई आक्रमण गरेको थियो। खुट्टाका विभिन्न भाग तथा पेटमा गम्भीर चोट लागेर अस्पताल भर्ना गरिएको स्थानीयवासी गीता पौडेलले जानकारी दिइन्।

सदाको अवस्था चिन्ताजक रहेको उनले जानकारी दिइन्। आरक्षबाट निकस्ने हात्ती, अर्नालगायतका जंगली जनावरको आक्रमणबाट सप्तरीमा हरेक वर्ष सर्वसाधारणको ज्यान जाने गरेको छ।

# खर्च विवरण बुझाउँदैनन् उम्मेदवार

**नेपाल समाचारपत्र**

काभ्रे

जिल्ला निर्वाचन कार्यालयले निर्वाचनमा उम्मेदवार बनेका व्यक्तिहरूलाई पटक-पटक टेलिफोनमार्फत् खर्च विवरण बुझाउन ताकेता गरिरहे पनि सहजरूपमा समयमै उम्मेदवारहरूले खर्च विवरण बुझाउन आनाकानी गरिरहेका छन्।

२०७४ सालको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएकामध्ये प्रतिनिधिसभामा देशभरकै दोस्रो लोकप्रिय मत प्राप्त गरी विजयी भएका एमालेका युवा नेता गोकुल बास्कोटाले निर्वाचनमा भएको खर्च विवरण पेस गरेका छन्। बास्कोटाका प्रतिनिधि कुमार तिमल्सिनामार्फत् जिल्ला निर्वाचन कार्यालयमा खर्च विवरण पेस गरिएको हो। बास्कोटाले आयोगले दिएको २५ लाखको सीमाभित्रै रहेर खर्च गरेको विवरण बुझाएका छन्। १५ लाख ८५ हजार ८ सय ५२ रुपियाँ खर्चमध्ये सबैभन्दा धेरै सवारीसाधनको खर्च भएको बास्कोटाको विवरणमा उल्लेख गरिएको छ। सवारीसाधनमा ४ लाख, प्रचारप्रसारमा ९१ हजार ५ सय, ढुवानी खर्च ६० हजारलगायतको खर्च भएको बास्कोटाले बताएका छन्।

त्यस्तै स्वतन्त्र उम्मेदवार सुदर्शन हुमागाईंले पनि खर्च विवरण बुझाएका छन्। उनले पनि निर्वाचनमा भएको खर्च विवरण बुझाएका छन्। नयाँ शक्तिबाट उम्मेदवार भएका मनमान बल, कृष्णकुमार भण्डारी, तिलकबहादुर लामा, रेशमलाल श्रेष्ठ, रामकुमार खड्का र पवनराज कर्णजितले पनि खर्च विवरण बुझाएका छन्। नयाँ शक्तिका रामकुमार खड्काले ४५ हजार मात्रै खर्च भएको विवरण बुझाएका छन्। निर्वाचन आयोगले यस अघि खर्च भएको बिल भरपाई नै बुझाउन भने पनि यो पटक शीर्षकमा मात्रै खर्च भएको विवरण बुझाउन भनेको छ। त्यति सहजता हुँदा पनि उम्मेदवारहरूले खर्च विवरण बुझाएका छैनन्।

स्थानीय तहको निर्वाचनमा भाग लिएका उम्मेदवारहरूले पनि अझै खर्च विवरण बुझाएका छैनन्। २०७० सालको संविधानसभाको निर्वाचनमा भाग लिएका उम्मेदवारहरूमध्ये १३ जनाले अझै खर्च विवरण बुझाएका छैनन्। तीमध्ये केहीले स्थानीय तहमा र प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएका छन्। आयोगले खर्च विवरण नबुझाउनेलाई पनि ऐनअनुसार कारबाही नगर्दा आयोगको कामप्रति शंका र अविश्वास बढ्दै गएको छ। खर्च विवरण बुझाएर १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारहरूले धरौटी रकम फिर्ता पाउने छन्। आयोगले खर्च विवरण बुझाउन ३५ दिनको म्याद दिएको छ।

**हार्दिक समवेदना**



जन्म मिति : २००१/०८/०१

स्वर्गारोहण : २०७४/०९/१६

**स्व: जमुना के सी**

यस कुलायन समाजकी स्मरणीय मृदुभाषि श्रीमती जमुना के सी -(पत्नी स्व प्रमुख सेनानी जितेन्द्र बहादुर खत्री, ममतामयी मुमा सेरवि, सुविन महा सेनानी अर्जुन र सन्जय) को स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति को कामना गर्दै शोक सन्तप्त परिवारमा ईश्वरले धैर्य धारणा गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं।

**क.क फौरसिह खत्री**
कुलायन समाज परिवार

**हार्दिक श्रद्धाञ्जली**



जन्म :२०३१/०५/०६

स्वर्गारोहण : २०७४/०९/१५

स्व. रिता शाह ( श्रेष्ठ )

मेरी प्यारी बुहारी **स्व. रिता शाह (श्रेष्ठ)**को अल्पायुमै असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। दु:खको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। शोकको यस घडीमा हामीप्रति सहानुभूति व्यक्त गर्नुहुने सम्पूर्ण इष्टमित्र तथा साथीभाइमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

**ससुरा दल ब.शाह**
**पति-जनक ब. शाह**

**आमाजु नन्दा**
तारा शाह
निसा शाह

**भतिजा भतिजी**
सम्झना शाह
भुवन शाह
पूजा शाह
पंकज शाह
आयूज शाह
जेबिजा शाह

**जेठाजु-जेठानी**
कुमार शाह
सिता शाह
गोपाल शाह

गिता शाह
प्रशुराम शाह
पिङ्की शाह

**तथा सम्पूर्ण शाह परिवार**

# विचार

{ विद्यार्थीको आवाज स्यालको हुइयाँ मात्र होइन, एक कुशल सिकारीको अचुक निशाना हो।
– लेनिन

{ मैले नेपालको हिमाल देखेको छु र सबैभन्दा बढी त बहादुर नेपालीहरूलाई चिनेको छु।
– माओत्सेतुङ

## सम्पादकीय

नेपाल समाचारपत्र

# लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाको सम्मान हुनुपर्छ

अदालतको मानहानीको मुद्दामा पक्राउ परेका डा. गोविन्द केसीलाई सर्वोच्च अदालतले हिजो बुधबार साधारण तारेखमा रिहा गर्न आदेश दिएको छ । साथै डा. केसीले लगाएका आरोपबारे छानबिन गर्न प्रधानन्यायाधीश गोपाल पराजुलीको नागरिकता र शैक्षिक प्रमाणपत्र पनि मगाउन आदेश दिएको छ ।

सर्वोच्च अदालतले गएको सोमबार चिकित्साशास्त्र अध्ययन संस्थानको डिनमा डा. शशी शर्मालाई पुनर्बहाली गर्ने निर्णय सुनाइएपछि डा. केसीले त्यसको भोलिपल्टै पत्रकार सम्मेलन गरेर प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग्दै बाँड्नुभएको विज्ञप्तिले अदालतको मानहानी भएको भन्दै उहाँलाई पक्राउ गर्न सर्वोच्चले आदेश दिएको थियो । न्यायाधीशद्वय बमकुमार श्रेष्ठ र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले डा. केसीलाई तारेखमा राखी केसीका तर्फबाट बहस गर्ने अधिवक्ता सुरेन्द्र भण्डारीको जिम्मामा छोड्न आदेश दिएको थियो । अदालतको आदेशपछि बुधबार नै रिहा भएका डा. केसीले अदालतको आदेशलाई सकारात्मक भनी प्रतिक्रिया दिइसक्नुभएको छ। साथै उहाँले सत्याग्रहको निरन्तरताबारे आज बिहीबार निर्णय गर्ने पनि बताउनुभएको छ ।

नेपालमा चिकित्सा क्षेत्रमा हुने र भईआएका विकृतिविरुद्ध शुरू भएको डा. केसीको अभियानले उहाँलाई भारतको अन्ना हजारेको उचाइमा पुऱ्याइसकेको थियो । जनताको हितमा सत्याग्रह गरेको भन्दै केही नेता र सञ्चारमाध्यमहरूले सत्याग्रही, नागरिक अभियन्ता भन्दै उहाँको प्रशंसा पनि हुँदै आएको छ। सम्भवतः जनताको यही समर्थनलाई सम्मान गर्दै अदालतले पनि उहाँप्रति नरम हुँदै यस्तो आदेश दिएको हुनसक्छ। अदालतको बुधबारको आदेश हेर्दा अदालत डा. केसीप्रति नरम मात्र नभई उहाँले प्रधानन्यायाधीश पराजुलीमाथि लगाएका आरोपहरूको समेत सम्बोधन गरिएका कारण अब डा. केसीले यसै विषयलाई लिएर पुनः सत्याग्रह गरिरहनु आवश्यक छैन । उहाँको आरोपलाई पुष्टि गर्ने जिम्मा पनि अब अदालतलाई नै छोड्दा उहाँले पनि अदालतको सम्मान गरेकै ठहर्छ । यसमा लामो विवाद गरेर स्पष्ट कानुनकै अभावमा अनिर्णयको बन्दी बनिरहेको देशलाई थप अलमल्याउनु कसैको पनि हितमा हुनेछैन ।

हिजोका दिनमा जेसुकै भए पनि डा. केसी स्वयम् एक विद्वान् चिकित्सक हुनुहुन्छ। अध्ययनशील र विद्वान् नभई कोही व्यक्ति चिकित्सक र प्राध्यापक बन्न सक्दैन। नेपालको संविधानको धारा १२८ (४) ले मुद्दामामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्नेछ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ भन्ने स्पष्ट संवैधानिक व्यवस्था गरेको छ। संविधानमै यति स्पष्टसँग लेखिएको कुरालाई नजरअन्दाज गर्नु भनेको एककिसिमले लोकतन्त्र र स्वतन्त्र न्यायालयलाई मान्दैनौं भन्ने नै हो ।

राजाले प्रत्यक्ष शासन गरेको पञ्चायती व्यवस्थामा समेत त्यति विवादमा नआउने सर्वोच्च अदालतको मानमर्दन हुन थालेको त लोकतन्त्रपछि नै हो भन्ने कुरामा सायद कसैको विमति नहोला। सबैभन्दा बढी स्वतन्त्र हुनुपर्ने अदालत र पत्रकारितामा राजनीतिक हस्तक्षेप हुन थालेको पनि लोकतन्त्रपछि नै हो। न्यायाधीश नियुक्ति गरिने न्यायपरिषद्मा राजनीतिक भागबण्डाका आधारमा न्यायपरिषद् सदस्य नियुक्ति हुने, नेपाल पत्रकार महासंघका अध्यक्षदेखि सदस्यसम्म प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टर आदि राजनीतिक पार्टीका भ्रातृ संगठनहरूका राजनीतिक कार्यकर्ताहरू चुनिने अनि त्यस्तै निकायबाट निष्पक्ष न्यायको अपेक्षा गर्दै अनशन बसेर मात्र अब समस्या समाधान हुनेवाला छैन ।

संविधान स्पष्ट नलेखिदिएकै कारण सरकार पहिले कि राष्ट्रियसभा पहिले भन्ने विवादले अहिले देश अनिर्णयको बन्दी बनिरहेको छ। कानुन बनाउने मुख्य थलोमा गतिलो मान्छे छानेर पठाउन नसक्ने हामी पनि यसका लागि कम जिम्मेवार छैनौं । हिजो हामीले सही प्रतिनिधि छनोट गर्न नसकेकै कारण मुलुकले गतिलो कानुन पाउन नसकेको हो भन्ने कुरा जुनदिनसम्म हामीले बुझ्न सक्तैनौं, तबसम्म हामीले भोग्ने नियति भनेको यस्तै हो । तसर्थ अबका दिनमा कुनै व्यक्ति विशेषको पछि लाग्नुभन्दा गतिलो कानुन बनाउनतिर डा. केसीको ध्यान केन्द्रित हुनुपर्छ जस्तो लाग्छ। लोकतन्त्र र मुलकको नियम–कानुन मान्छौं भन्ने हामी आफै सडकमा बरालिन थालेपछि यसले न मुलुकको हित गर्छ न त जनताकै ।

यस विषयमा बुधबार एउटा सहयोगी राष्ट्रिय दैनिकमा प्रकाशित सर्वोच्च अदालतकै पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको 'न्यायालयमा कुनै पनि निर्णय संविधान र कानुनबमोजिम हुन्छ। राजनीतिक रूपले जस्तो चिच्याएर फैसला उल्टिँदैन। त्यसरी उल्ट्याउन पनि मिल्दैन। संविधान र कानुनबमोजिम नै सदर र बदर हुन्छ। हुल र भीडको दबाबका भरमा फैसला बदलिँदैन। यसको आफ्नै विधि र प्रक्रिया छ। फैसलामा चित्त नबुझे पुनरवलोकन गरिपाऊँ भन्न सकिन्छ। हुल, भीड र बलजफ्ती गर्ने कार्यले न्यायपालिकालाई स्वतन्त्र ढंगले काम गर्न गाह्रो हुन्छ। राजीनामाका लागि अनशन कुनै 'ग्राउण्ड' होइन' भन्ने मननीय भनाइलाई लोकतन्त्र र स्वतन्त्र न्यायापालिकालाई सम्मान गर्ने सबैले शिरोधार्य गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।

# राष्ट्रिय एकताको तेजस्वी इतिहास



रमेश भट्टराई 'सहृदयी'

जुन इतिहासलाई याद नगरी आत्मगौरव नै अपुरो हुन्छ त्यो नामसँग, त्यो इतिहाससँग विवादको रोइलो खन्नुको तुक नरहला। इतिहासका पानामा आजका लागि पनि उत्तिकै कालजयी गुणको शूरताले एकतासँग अङ्कित त्यो नाम हो पृथ्वीनारायण शाह। राष्ट्रिय एकताको शङ्खघोष त्यतिखेरै भयो जतिखेर पृथ्वीनारायणको पराक्रमी वीरताले विजयोत्सव मनाएको थियो। बढाईचढाइको व्याख्याभन्दा पनि राष्ट्रिय विभूति शाहद्वारा प्राप्त भएको सिङ्गो राष्ट्रिय स्वाधीनताको मूल्यलाई एक सच्चा राष्ट्रभक्तले बिर्सने कुरै रहँदैन। इतिहाससँग रमाउन न त व्यक्तिगत स्वार्थको पुन्तुर बाँधिनु उचित हुन्छ, न त अपव्याख्याका कनिकुथी भाव नै बलवान् बन्छन्। बाइसे-चौबिसे राज्यमा विखण्डित देशलाई एकीकरणको मालामा उनेको महान् इतिहासलाई छायामा पारेर आक्रमणकारी युद्ध पिपासुको लाञ्छनामा अड्काइनुले पुर्खाको पसिना, गौरव अनि धरोहरलाई गिज्याएको पनि हुनसक्छ, सोचनीय विषय हो। समय सापेक्षी ढङ्गले दूरदृष्टि राखेर टुक्रे भावनालाई एउटै स्वरूप दिँदै अखण्ड सार्वभौम राज्यनिर्माण गर्नु कुनै केटाकेटीको खेल अवश्य होइन थियो। आज हामी एकतालाई स्वार्थसँग गाँसेर तोल्न र बुझ्न थालिरहेका छौं। सुदृढ नेपाल राज्यको परिकल्पनाभित्र कति योद्धाले रगत बगाए होलान्, कति आमा मुर्छा परे हुँदा हुन्। हो, हामी युद्ध विरोधी र शान्तिप्रेमी हौं यद्यपि पृथ्वीनारायणको समय नै त्यस्तै रहेछ जसमा युद्ध कौशलता उच्च थियो। यत्रो विशाल कार्यमा भलै कमजोरी त होलान् नै तथापि हामीले स्वतन्त्र राज्यका स्वाधीन नागरिकको पहिचान पाउनुसँग गर्व गर्नुपर्दैन र! जतिखेर भ्रष्टाचारीका खुट्टा काँप्थे। समयानुकूल विकासको दैलो खोल्न कुनै कञ्जुस्याइँ भएको थिएन। फेरि ती पुर्खाको देनसँग आज लोकतन्त्र पाइयो, गणतन्त्र ल्याइयो, स्वतन्त्रताको जग बस्यो त त्यो देनलाई मेटेर हामी पूर्ण भएका छौं, विचारणीय बन्छ।

गोर्खाका राजा नरभूपाल शाहकी माहिली रानी कौशल्यावतीपट्टिका पाँच सन्तानमध्येका जेठा छोरा पृथ्वीनारायण शाहले विसं १७७९ पुस २७ गते यो धर्तीको उज्यालोलाई देखे। सातौं महिनामै जन्मनुसँग निकै किंवदन्तीहरूलाई यदाकदा पढ्न पाइन्छ, बूढापाकाका मुखबाट गुन्जिन्छ। दरबारी वातावरणले बालापनलाई मलजल गर्दै लाँदा उहाँलाई दश वर्षभित्रै आवश्यक विद्या हासिल गर्ने अवसर दियो। दौंतरीसँग बहादुरी र वीरतालाई प्रदर्शन गर्ने शाहले २० वर्षकै उमेरमा पिताको देहावसानपश्चात् राजदण्ड सम्हालेर राज्य एकीकरणको दह्रो राजत्व स्थायी रेखा कोरे।

आधुनिक नेपालको मानचित्र बदल्ने ऐतिहासिक अभियानको प्रारम्भिक इतिहासलाई विसं १८०१ मा प्राप्त नुवाकोटको विजयले आरम्भ गऱ्यो। तत्कालीन छिमेकी देश लमजुङ र कास्कीसँग मित्रताको हात फैलाउँदै हातहतियार तथा सैनिक सुधार गर्ने रणनीतिको सबल प्रयास थियो- नुवाकोटमाथिको विजय। मकवानपुर विजय, कीर्तिपुरसँग तेस्रो पटकको प्रयासबाट मात्रै जालझेलबाट प्राप्त विजय होस् या मिरसिक्का अभियानमा देखाइएको वीरता आखिर त्यहाँ गोर्खाली सान र स्वाभिमानको इतिहास छ। कीर्तिपुरको युद्धमा काजी कालु पाण्डेजस्ता शूरवीर व्यक्ति मारिए, जयन्त रानाले निर्ममरूपमा छाला काढिएर मर्नुपऱ्यो, शूरप्रतापले कानो हुनुपऱ्यो, इतिहासले यही क्रोधाग्निको प्रतिकारमा पृथ्वीनारायणद्वारा धेरैको नाक कान काटेर बदला लिएको घटनालाई बोले पनि इतिहासकारहरूको मतमा यी नेपालबाट निष्कासित क्रिस्चियन पादरीहरूद्वारा गरिएको अपव्याख्या थियो। उपत्यकाबाट अङ्ग्रेजको राजनैतिक कुचाला लघारियो। उपत्यकासँगै पूर्वका सेन राज्य चौदण्डी र विजयपुर क्षेत्र नेपालमा गाभियो। फलतः किरात र लिम्बूवान् प्रदेशका राजाले गोर्खाली झण्डामुनि एकै साथ बस्ने अपेक्षा बोकेर आत्मसमर्पण गरे। तबदेखि 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन। सबै जातको फूलबारी हो' भन्ने महान् अभिव्यक्तिसँग हामीले स्वाभिमानको उच्चतामा रम्न पाइरहेका छौं। सैनिकले कदर पाए। कालु पाण्डे, कीर्ति शाह, तुलाराम पाण्डे, रामकृष्ण कुँवर, केहरसिंहजस्ता योद्धाले यो सङ्ग्रामको महायज्ञमा दिलो ज्यान दिए, एकीकरणको सपना साकार पार्नका निम्ति कसुर छाडेनन्।

विश्वको नक्सामा सानो नेपाललाई खोज्न लाग्दा सगरमाथाको चुम्बकीय शक्तिले ध्यान खिच्छ। फुर्सदमा भगवान्ले सोचेर बनाएको संसारमा कुनै ठाउँ छ भने त्यो हो- नेपाल। आखिर कसैले त जोड्यो यो अमर हृदयस्पर्शी नेपालको इतिहासलाई। आज विश्व समुदायले इतिहासका यस्ता अमर नामलाई स्यालुट गर्दै छ भने यो गौरवसँग हामीले रमाउन पाउनु अवसर होइन र? आज थुप्रै परिवर्तन भए, घटना घटे, समयसँग तीता-मीठा अनुभवले भरिएको थैली छँदै छ। राज्यले परिवर्तन पाउला तर इतिहासबाट सिकेर सम्मान गर्दै भविष्यको सपना तुन्न पनि जान्नुपर्छ।

> आखिर कसैले त जोड्यो यो अमर हृदयस्पर्शी नेपालको इतिहासलाई। आज विश्व समुदायले इतिहासका यस्ता अमर नामलाई स्यालुट गर्दै छ भने यो गौरवसँग हामीले रमाउन पाउनु अवसर होइन र ? आज थुप्रै परिवर्तन भए, घटना घटे, समयसँग तीता-मीठा अनुभवले भरिएको थैली छँदै छ। राज्यले परिवर्तन पाउला तर इतिहासबाट सिकेर सम्मान गर्दै भविष्यको सपना तुन्न पनि जान्नुपर्छ।

आज संसारको एउटा बिन्दुमा नेपाल नामक देश पनि छ किनकि यहाँ पृथ्वीनारायणको एकीकरण र दूरदर्शी पौरखको गर्विलो विगत छ। २६ वर्षसम्म अनवरत युद्धभूमिमा होमिएका एक पुर्खाको जीवनीसँग नेपाली माटोको अटुट नाता छ। उनका 'प्रजा योग्य भए दरबार बलियो हुन्छ। जनताले मन पराएको व्यक्तिलाई काजी दिनुपर्छ' भन्ने भावसँग राष्ट्रिय एकता मुखर हुन्छ। उनका सामाजिक, न्यायिक नीतिसँग विज्ञानको जादु छ। घूस लिने र दिने दुवैलाई कठघारामा उभ्याइनु, जात विशेषले कर्म गर्न पाउने स्वतन्त्रता पाउनु, अदालतको पैसालाई दरबारमा हुल्न नचाहनु अनि जोगी, साधु, गरिबप्रतिको आदरभावले आसन पाउनुमा मानवता, स्वतन्त्रता, समानता र एकताको मधुर आवाज स्वतः गुन्जिन्छ।

इतिहासकारले अर्थशास्त्रीको संज्ञा दिन कञ्जुस्याइँ नगरिएका व्यक्तित्व पृथ्वीनारायणमा कृषि विकासको सपनासँग गाँसिएको 'राम्रो जमिनको घर सारेर खेती गर्नुपर्ने' नीति थियो। कति गर्विला विचार छन् उहाँका- स्वदेशी कपडा लगाउने सद्प्रेरणामा र अङ्ग्रेजको कालो नीतिको चर्को विरोधी भावमा, राष्ट्रिय स्वाधीनतामा, जडिबुटी बेचेर पैसा साट्ने विषयमा, खानी सदुपयोग गर्नेजस्ता आत्मनिर्भरताका दूरदर्शीतासँग। त्यसो त परराष्ट्रनीतिको 'नेपाल दुई ढुङ्गाबीचको तरुल हो' भन्ने उद्‌गार कूटनैतिक सचेतताको दृष्टान्त हो, यसर्थ उहाँका गर्विला विचारहरूले आजका लागि अनुकरणीय, मननीय र व्यवहारमा प्रायोगिक बनाउन उत्तिकै सामर्थ्य राख्छन्। चतुरपनाको प्रखर भाव आज पनि कति सान्दर्भिक छ- किल्लालाई दह्रो बनाउने भावसँग, 'जाइकटक नगर्नु झिकीकटक गर्नु' भन्ने महावाणीसँग, 'चीनको वादशाहसँग छाहा राख्नु दक्षिणको वादशाहसँग घाहा (घाउ) त राख्नु तर त्यो महाचतुर छ' भन्ने उक्तिसँग। राज्य र सीमारक्षाका खातिर सैनिक मजबुतीका पाटामा उनको विचार आजका लागि कम प्रेरणाप्रद लाग्दैनन्। 'सैनिकलाई नुनको पछि नलगाउनु किनकि राजाको सार भनेको सिपाही र रैती हुन्' यी विचारमा राज्यसेवाको भावना जागृत छन्। त्यो प्राचीन समयमा बनेका दरबार, मन्दिरले कयौं ठूला-साना भूकम्पसँग झुक्न चाहेनन्। सायदै ५/७ सय वर्ष पुराना भौतिक संरचनाले हामीले नसोचेका विनाशकारी सङ्कटमा डगमाएनन्। त्यो ज्ञान, त्यो भौतिक संरचना निर्माण गर्ने कला, शिल्प र ढाँचासँग आजको अत्याधुनिक पद्धति कमजोरै लाग्छ। आजका पुस्ताले अनुसरण गर्नुपर्ने ठम्याइ हो। एक त त्यो खुबी अर्को हाम्रो पुर्ख्यौली विज्ञान कति सबल रहेछ, फेरि किन हामी त्यहाँबाट टाढियौं। विज्ञान र वैज्ञानिक सोचमा हाम्रो देश त्यो समयमै कति सक्षम रहेछ, जतिखेर अङ्ग्रेज स्वार्थी सोच नै त्राहीत्राही भएको थियो। स्वाभिमानको उच्च रक्षा थियो- व्यक्तिगत स्वार्थ इतिहासमा जति थियो त्योभन्दा कम त सायद आज नहोला नै। फलतः 'दिनभरि सुतेर बिताउने रात परेपछि बिस्कुन सुकाउने' पश्चात्ताप पीडा नहोला भन्नेमा ढुक्क बन्ने स्थिति छैन। यहाँ हड्डी घोट्ने र मस्ती लुट्ने दुवैखाले दुनियाँ मस्त छ। इतिहासको अपव्याख्या गरेर मपाईंत्व छाँट्दै गर्दा वीर पुरुषका रगतमा मुछिएको आधुनिक नेपाल निर्माण र राष्ट्रिय एकताको इतिहाससँग आज विखण्डनकारी सङ्कुचित विचारमा हामी मुछिएको पीडा छ। तसर्थ 'पृथ्वीनारायण' कुनै व्यक्तिगत निधि नभएर हाम्रा पुर्ख्यौली धरोहर, अजेय इतिहास र प्रेरणाप्रद नेपाली एकताको गौरवमय नाम हो।

इतिहासका कतिपय विषय समयान्तरसँगै झुटा र अपाच्य बन्छन् र बन्दै जानेछन् पनि। आज हामीले सत्य भनेर कोरिएका नियम कानुन भोलिको इतिहासका लागि अपाच्य बन्नु नौलो विषय पनि बन्न सक्ला। तर भर्खरैको सशस्त्र द्वन्द्वले जनतालाई सैद्धान्तिकरूपमा कागजमै अड्काएर दिएका उपलब्धिसँग तौलेर, मानवअधिकार उल्लङ्घनसँग जोडिएका तीता विषय बिर्सँदै सिङ्गो राष्ट्रको अखण्डताका ऐतिहासिक व्यक्तित्व पृथ्वीनारायणलाई मूल्याङ्कन गर्न पूर्वाग्रह राख्नुसँग अहंवाद गाँसिएझैं लाग्छ। भावी पिँढीहरूले हामीलाई औंल्याएर यसो पनि भन्लान्- हाम्रा पुर्खाले सिङ्गो देशभन्दा साँघुरो सोचभित्रै लडाइँ गरे, हाम्रा लागि उज्ज्वल बाटो खन्नै सकेनन्। गफ छाँटे, काम गर्न सकेनन्। भ्रष्टाचारी बने तर मुलुकको गरिबीमा आँखा लगाएनन्। तब हामी सबैका आजका विचार थोत्रा, असक्षम र स्वार्थी साबित हुनेछन्। त्यहाँ न त जातको सवाल होला न त सानो राज्यका बीच गर्ने झगडाको। तब त आज सिङ्गो देशमा एकताले बाटो खोज्दै छ।

संघीय संरचनात्मक अधिकार त हिजो त्यही समयमा पनि नभएको होइन रहेछ। अब पनि त जनताले स्वाभिमानी समृद्ध देशमा स्वतन्त्र भई कर्मशील भएर जिउन चाहेका हुन्। पृथ्वीनारायणको त्यागसँग हिजो जे थियो त्यो इतिहास नेपाली मनबाट मेटिँदैन। नेपालीहरूका हृदयसम्राट् नेपालका राष्ट्रनिर्माता सुन्दर, शान्त नेपालका जन्मदाता यस्ता वीरपुरुषको चोलाले विसं १८३१ को माघे सङ्क्रान्तिका दिन ५२ वर्षको अल्पायुमै नेपाल आमाको काखलाई रित्यायो। छोटो आयुले अमिट इतिहास रच्यो। अमूल्य दिव्यापदेश तथा उपदेशले भरिएको पृथ्वीनारायणको वाणी शक्तिले राष्ट्रिय एकताको खम्बा गाड्दैमा बिदा माग्यो। हिजो जानीनजानी मानिएका भए पनि यी युगपुरुषको यादमा हरेक सच्चा नेपालीले भावना बोधमा माथ झुकाउन जान्नुपर्छ।

## पाठक पत्र

### कक्षा चारदेखि महिनावारीको पाठ पढाउनुपर्छ



अहिलेका पाठ्यपुस्तकमा कक्षा पाँचदेखि महिनावारीसम्बन्धी विषय व्यक्तिगत सरसफाइको पाठभित्र राखिएको छ। कक्षा ६ मा पुग्दा स्यानेटरी प्याड प्रयोग गर्नुपर्छ भन्ने मात्रै उल्लेख छ। पटक पटक प्रजनन अंग धुने र नरम सुतीको कपडा प्रयोग गर्नुपर्छ भन्ने जानकारी गराइएको छ। कक्षा सात र कक्षा नौमा अलि विस्तृत जानकारी गराइएको छ। कक्षा आठ र दशमा कुनै पाठ छैन।

यसले छात्राहरूको समस्या उचित समाधान नगरेको सिद्धरतन्नाथ मावि नारायणपुर दाङका शिक्षक लक्ष्मी केसीको भनाइ छ। लामो समयदेखि यस विषयमा अध्यापन गराउँदै आएको बताउने केसीका अनुसार महिनावारी पूर्वज्ञान छैन। शिक्षकले खुलेर सबै कुरा पढाउँछु भने पनि त्यस्ता कुरा किताबमा छैनन्। न त उपयुक्त समयमा आवश्यक कुरा लेखिएका पाठहरू नै समावेश छन्।

महिनावारी हुनुपुर्व छात्रा सैद्धान्तिक रूपमा जानकार हुनुपर्छ। सामान्यतः ९ देखि १५ वर्षको बीचमा पहिलोपटक महिनावारी हुन्छ। यो क्रम हरेक २८ दिनको फरकमा ५० वर्ष उमेरसम्म जारी रहन सक्छ। जिल्ला जनस्वाथ्य कार्यालयका पब्लिक हेल्थ नर्स रेणु श्रेष्ठका अनुसार महिनावारी हुँदा अगाडिबाट धुने कि पछाडिबाट भन्नेमै मतभेद छ। कतिले पछाडिबाट धोएपछि दिसाका छोक्रा आएर संक्रमण हुन सक्ने बताउँछन्। श्रेष्ठका अनुसार त्यही ठीक हो। अगाडिबाट धोयो भने बरु पछाडिको अगाडि आउन सक्छ र पछाडिबाट धोए सफा रहन्छ। समस्या ल्याउँछ। गलक्क भिज्ने गरी प्याड नफेर्ने, समयमा नधुने समस्याले पाठेघरको मुखमा क्यान्सरसम्मका समस्या आउन सक्छ। ओठभन्दा पनि नरम र संवेदनशील हुन्छ योनी। त्यसलाई सफा, सुरक्षित राख्न सकिएन भने स्वस्थ बच्चा जन्माउन सकिन्न।

कसरी धुने, कता लुकाउने जस्ता समस्यामा पढलेख गरेका महिलाहरूबीच बहस चलेको पाइन्छ। त्यसबाहेक महिनावारी भएकाले फलफुलका बोट छुनुहुँदैन झर्छ, दही दूध खानुहुँदैन गाई भैंसी थाक्छन्। बुबा, दाजुभाइको अनुहार हेर्नुहुँदैन पाप लाग्छ। त्यसैले छाउ गोठमा बस्नुपर्छ, अघिदेखि सुत्दै गरेको ओच्छ्यानमा सुत्नुहुँदैन, जुठो हुन्छ। ओढ्ने ओछ्याउने फेर्नुपर्छ, भान्सामा जानुहुँदैन। मन्दिरमा गए देउता रिसाउँछन् जस्ता कुराहरू सबैजसो महिलाहरूले कण्ठ गरेका छन्। त्यो उचित हो होइन भन्ने पढलेख गरेर उच्च पदमा पुगेका केही महिलाहरू निष्कर्ष निकाल्न सकेको देखिँदैनन्। कतिपय नर्स, डाक्टर, हाकिम भएका महिलाहरू पनि भ्रममा छन्। यो सबको कारण हामीले पढ्दै आएका पाठ्यपुस्तकमा महिनावारीले महत्त्व नपाउनुले हो। विद्यार्थीलाई सरले भनेको कुराहरू सबै सत्य हुन्छन्। गलत भए पनि विद्यालयमा भनेकै पत्यार गर्छन्। विद्यालयमा नसिकाउँदा समाजमा भ्रम रहेको छ।

सुत्केरीको एउटा रूप महिनावारी हो। शारीरिक भोगाइका हिसाबले महिलाहरू बच्चा पाउनेकै रूपमा लिन्छन्। महिनावारी हुनुअघि पेट दुख्नेहरू धेरै छन्। हुँदैछ भन्ने संकेत दिने गरी तल्लो पेटमा पीडा महसुस गर्छन्। जब महिनावारीको रगत बग्न थाल्छ तब हलुको महसुस गर्छन्। दुईदेखि आठ दिनको बीचमा उनीहरू पूर्णरूपमा हलुको भइसक्छन्। बच्चा पाउनेले न्वारनपछि र महिनावारी हुनेले रोकिएपछि शुद्ध हुन्छन्। यसरी संस्कारका हिसाबले पनि सुत्केरीसरह छ। हात गोडा दुख्ने, खान मन नलाग्ने, शरीरभित्र चिसो घुस्ने, सर्दिले सताउने, उराठ महसुस हुने, चक्कर आउने, कसैसँग बोल्न चल्न मन नलाग्ने लगायत यावत समस्या महिनावारी हुँदा भोग्छन्। शरीरिक र मानसिक रूपमा पीडा महसुस गरिएको बेला पानीसमेत छुन नहुनेगरी महिला अछुत बनाइन्छ। खास कारण के हो हाम्रा पाठ्यपुस्तकहरू दिन सक्दैनन्।

नौदेखि १५ वर्षको उमेरमा पिसाब फेर्ने अंग (योनी) बाट रगत आउन शुरू गर्छ त्यो हरेक २८ दिनमा ५० वर्ष उमेर पुग्दासम्म हुन सक्छ भन्ने कक्षा चारमै पढाउनुपर्छ भन्ने खोजिएको छ। यसलाई रजस्वाला वा महिनावारी भनिन्छ। त्यो क्रम दुईदेखि आठ दिनसम्म चल्न सक्छ भनेर कक्षा चारमै सिकाउनु पर्छ। त्यससँगै सफा गर्ने तरिका र नजानेको अवस्थामा घरमा भए बाबुआमा तथा अभिभावक, विद्यालयमा भए शिक्षक, शिक्षिकालाई सोध्नुपर्छ भनिएको छ। यति कुरा महिनावारी नहुँदै थाहपाएपछि पहिलो पटक महिनावारी हुँदा डराउँदैनन्। आत्तिन्नन्। मानसिकरूपमा असर पर्दैन। महिनावारी समस्या सहजरूपमा स्विकार्छन्। त्यसले विद्यालय छोड्ने, बालविवाह गर्ने, छाउ गोठमा विभिन्न यातना सहने समस्याबाट मुक्त गर्छ। कोही पनि किशोरीले महिनावारी भएकै कारण कुनै समस्या झेल्नुपर्दैन।

त्यसपछि कक्षा पाँचमा पुग्दा शरीरका विभिन्न अंगको सफाइमा यौनांगको सफाइलाई पनि महत्त्व दिनुपर्छ। दिनमा कम्तीमा दुईपटक वा आवश्यकताअनुसार प्याड फेर्ने, बजारमा किन्न पाइने वा घरमै रहेका सुती कपडाहरूका प्रयोग गर्ने, बजारबाट सुती कपडा किनेर पनि बनाउन सकिने, पहिलो पटक महिनावारी हुँदा के कस्तो हुन सक्छ। महिनावारीमा प्रयोग गरिएको प्याडे बिसर्जन कसरी गर्ने जस्ता कुरा सिकाउनुपर्छ। केहीको कक्षा ५ मा पढ्दै महिनावारी हुन्छ। भएन भने पनि उनीहरूले जानी राख्नुपर्छ। जसका कारण पहिलो पटक महिनावारी सहज बनोस्।

**गोविन्द खड्का, दाङ**

# विश्व

2018, JAN Thursday 11

**उत्सव शैली**

इटालीको राजधानी रोममा नयाँ वर्ष मनाउने क्रममा टाइबर नदीको पुलबाट हामफाल्दै डाइभर म्याक्रो फोइस ।



**जिजीविषा**

अमेरिकाको नर्थ क्यारोलिनाको स्यालोट रिवर स्वाम्प पार्कमा जमेको पानीमा मुख बाहिर निकालेर बसेका गोही । उक्त नदी जमेपछि बरफबाहिर मुख निकालेर बसेका कैयौं गोही देखिने भिडियो भाइरल भएको छ ।



विश्व २ मिनेट

## म्यान्मार

### पत्रकारलाई अभियोग

यााँगुन, (एजेन्सी)

म्यान्मार सरकारले बुधबार रोयटर्सका दुईजना पत्रकारलाई सरकारी गोपनीयता कानुनअन्तर्गत औपचारिकरूपमा आपराधिक अभियोग लगाएको छ। स्थानीय प्रहरीलाई भेटेको केही समयपछि नै वा लोन र क्या सोय ओ नामक ती पत्रकारद्वयलाई १२ डिसेम्बरमा पक्राउ गरिएको थियो। तिनीहरूले जनही चौध वर्ष लामो कारवास सजाय भोग्न सक्ने अनुमान गरिएको छ। तिनीहरू म्यान्मारको राखाइने राज्यमा भएको हिंसात्मक घटनाको रिपोर्टिङ गर्न आएका थिए। संयुक्त राष्ट्र संघका अनुसार ६ लाख ६५ हजारभन्दा बढी रोहिंग्या मुस्लिम त्यहाँबाट पलायन भएका थिए।

## ट्युनिसिया

### बल प्रयोग हुने

ट्युनिसया, (एजेन्सी)

बजार भाउ वृद्धिविरुद्ध सडकमा चलेको प्रदर्शनले हिंसात्मक रूप लिन थालेपछि ट्युनिसियाका प्रधानमन्त्रीले दंगाबाजमाथि बल प्रयोग गरिने जनाएका छन्। उक्त हिंसात्मक प्रदर्शनका क्रममा एकजना ४५ वर्षीय व्यक्तिको मृत्यु हुनाको साथै सीमा क्षेत्रमा पनि अस्थिरता फैलिने सम्भावना बढेको छ। ट्युनिसियामा बाटोमा फलफूल बेच्ने एक व्यक्तिले गरिबीबाट वाक्क भएर आत्मदाह गरेपछि भयानक अरब वसन्त क्रान्ति शुरू भएको थियो। फलत: लिबियाका गद्दाफी र इजिप्टका होस्नी मुबारकलगायत थुप्रैको सत्ता ढलेको थियो। प्रदर्शनका क्रममा दर्जनौं पक्राउ परेका छन्।

## होन्डुरस

### शक्तिशाली भूकम्प

टेगुसिगाल्पा, (एजेन्सी)

होन्डुरस र केम्यान आइल्यान्डबीचको सामुद्रिक तट क्यारेबियन सागरमा मंगलबार राति ७ दशमलव ६ म्याग्निच्युडको भूकम्प आएको जनाइएको छ। उक्त भूकम्पको धक्का त्यस क्षेत्रमा पर्ने देशहरूमा महसुस गरिएको र त्यहाँका नागरिकलाई सम्भावित सुनामीको चेतावनी जारी गरिएको छ। जमिनमा कुनै गम्भीर क्षति पुगेको समाचार भने तत्काल आएको छैन। भूकम्पको धक्का धेरैजसो मध्य अमेरिकी मुलुकमा महसुस गरिएको र पूर्वी होन्डुरसको आलोन्चो र उत्तरी तटीय कोलोन तथा अटलान्टिडा प्रान्तमा केही घर चर्केको समाचार प्राप्त भएको होन्डुरसका अधिकारीहरूले बताए।

## साउदी अरेबिया

### विवाहमा सरिक युवा पक्राउ

रियाद, (एजेन्सी)

साउदी अरेबियामा गतहप्ता समलिंगी विवाहमा देखिएका कैयौं युवालाई गिरफ्तार गरिएको प्रहरीले बताएको छ। उक्त भिडियोमा दुई पुरुषसँगै कार्पेटमा हिँडिरेको र उनीहरूमाथि फूल बर्साइरहेको देखिएको थियो। ती दुईमध्ये एकले दुलहीको पोसाक लगाएको थियो। उक्त विवाहमा सहभागी युवाहरूलाई पक्राउ गरेपछि अदालतमा पठाइएको बताइएको छ। अहिलेसम्म युवाहरूको पहिचान सार्वजनिक गरिएको छैन र उनीहरूमाथि लगाइएको आरोपका बारेमा पनि खुलाइएको छैन। साउदीमा समलिंगीलाई लिएर कुनै लिखित कानुन छैन। तर त्यसलाई बाहिर यौन सम्पर्क राखेको वा अनैतिक सम्बन्ध बनाएको कानुनभित्र राख्ने गरेको छ।

# क्यालिफोर्निया भू-स्खलनमा कम्तीमा १३ को मृत्यु

लस एन्जलस, (एजेन्सी)

दक्षिणी क्यालिफोर्नियामा पहिरो तथा भू-स्खलनबाट कम्तीमा १३ जनाको मृत्यु भएको छ। प्रभावित इलाकामा बचेकाहरूको खोजी भइरहेको उद्धारकर्मीहरूले जानकारी दिएका छन्।

तटीय इलाकाको ३० माइलभन्दा लामो मार्ग बन्द गरिएको छ भने प्रहरीले प्रभावित इलाकाको दृश्य पहिलो विश्व युद्धको रणभूमिजस्तो भएको बताए। सान्ता बार्बारासँग जोडिएको रोमेरो क्यान्यनमा ३ सय जनाको एक समूह फसेको बताइएको छ। उनीहरूको उद्धार अर्को दिनमात्र गरिने बताइएको छ।

मृतकको संख्यामा वृद्धि हुने अनुमान गरिएको छ। ५० जनाभन्दा बढीको उद्धार भइसकेको छ, तर धेरैजसो ठाउँमा अझै पुग्न नसकेको बताइएको छ। प्रमुख हाइवे १ सय १ लगायत कैयौं मार्ग बन्द गरिएका छन्।

अहिलेसम्म १ सय ६३ घाइतेलाई अस्पताल पुऱ्याइएको छ। २० जना आँधीबेरीमा घाइते भएका र ४ जनाको अवस्था गम्भीर भएको बताइएको छ। महिनौंपछिको पहिलो वर्षाका कारण पहिरो तथा बस्तीमा हिलो बगाएर ल्याएको अधिकारीहरूले बताए। उक्त इलाका गत डिसेम्बरमा भीषण आगलागीका कारण सुख्खाग्रस्त रहेको थियो।

वर्षाको पानी सोस्ने रूखबिरूवा सबै जलेर नष्ट भएकाले पानीले माटोलाई गालेका कारण भू-स्खलन तथा पहिरो गएको अधिकारीहरूले बताए। हालै आगलागी भएका इलाकाहरू जोखिममा रहेको र ती क्षेत्रमा भू-स्खलन तथा पहिरोको सम्भावना रहेको राष्ट्रिय मौसम सेवाले दिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

भीषण वर्षाका कारण बगेर आएको हिलोले मान्टेसिटो आवास क्षेत्रमा केही घरलाई जगैदेखि भत्काएको सान्ता बार्बरा काउन्टी फायर डिपार्टमेन्टका प्रवक्ता माइक एलियासनले बताए। डाँडाबाट साना गाडी आकारका ढुंगा झरेको र त्यसले बाटो अवरुद्ध पारेको उनले बताए। स्थानीय अधिकारीले प्रभावित इलाकामा बस्नेलाई धाराको पानी उमालेर मात्र पिउन आह्वान गरेको छ।







## राष्ट्रपति मुन उत्तरका नेता किमसँग वार्ताका लागि तयार

सोल, (एजेन्सी)

उत्तर र दक्षिण कोरियाबीचको आपसी तनाव घटाउने पछिल्लो प्रयासस्वरुप दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनले बुधबार केही निश्चित शर्तअन्तर्गत आफू उत्तर कोरियाका सर्वोच्च नेता किम जोंग उनसँग भेट्न इच्छुक रहेको बताएका छन्।

हालै मात्र यी दुवै राष्ट्रले आगामी महिना दक्षिण कोरियामा आयोजना हुन गइरहेको हिउँदे ओलम्पिक्स गेम्समा आपसी सहयोगका लागि उच्चस्तरीय वार्ता गर्न सहमति जनाएका थिए। हिजो राष्ट्रपति मुनले उत्तर कोरिया विवादास्पद आणविक कार्यक्रम बन्द गर्नका लागि आफू किमसँग वार्ता गर्न तयार रहेको सरकारी सञ्चार माध्यमलाई बताएका छन्।

तर उनले यस्तो महत्त्वपूर्ण र ऐतिहासिक वार्ता थालनी हुनुअघि नै त्यसको सफलताको ग्यारेन्टी हुनुपर्नेमा जोड दिएका छन्। मुनले आफूले उत्तर कोरियालाई आणविक समस्या समाधानका लागि थप वार्ताको आह्वान गर्न तयार रहेको बताएका छन्।

अघिल्लो दिन दुई कोरियाबीच दुई वर्षपछि पहिलो पटक उच्चस्तरको वार्ता भएको थियो। उत्तर कोरियाले सो वार्ताको दौरान फेब्रुअरी ९ देखि २५ सम्म हुने ओलम्पिक्समा आफ्नो खेल टोली पठाउने र आपसी सीमाक्षेत्रको तनाव हटाउन अर्को वार्ता गर्ने सहमति जनाएको थियो।

राष्ट्रपति मुनले सो आणविक विवाद सुल्झाउन उत्तर कोरियासँग आपसी सहयोगका लागि समेत प्रस्ताव राख्ने बताएका छन्। उत्तर कोरियाको पछिल्लो आणविक र अन्तरमहादेशीय क्षेप्यास्त्र परीक्षणका कारण युद्धकै सम्भावना जन्मेको थियो। सोही कारण संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले उत्तर कोरियामाथि नयाँ तथा कडा नाकाबन्दी लगाएको थियो।



मानव अंग प्रत्यारोपण केन्द्रका नर्सहरुमाथि भएको शोषण तथा अनियमितताका विषयलाई लिएर आन्दोलनमा उत्रिन बाध्य भएको नेपाल नर्सिङ संघले जनाएको छ

# ७४ हजार नर्सको हातमा कालोपट्टी

नेपाल समाचारपत्र
हेटौंडा

नेपाल नर्सिङ संघको केन्द्रीय आह्वानमा मकवानपुरमा आन्दोलन शुरू भएको छ।

मकवानपुरका सरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूले विभिन्न मागमा सहमति जनाए पनि सरकारले पूरा नगरेको भन्दै आन्दोलन शुरू गरेका हुन्। हाल देशभर ७४ हजार नर्स विभिन्न अस्पतालमा कार्यरत रहेको संघले जनाएको छ।

मकवानपुरका स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूले हातमा कालोपट्टी बाँधेर विरोध जनाएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरमा कार्यरत नर्स मिलन घिमिरेले बताउनुभयो। नर्सहरूमाथि विभिन्न शोषण भएको भन्दै नर्सहरू आन्दोलनमा उत्रिएका हुन्। मानव अंग प्रत्यारोपण केन्द्रका नर्सहरूमाथि भएको शोषण तथा अनियमितताका विषयलाई लिएर आन्दोलनमा उत्रिन बाध्य भएको नेपाल नर्सिङ संघले जनाएको छ।

आन्दोलनको पहिलो चरणमा नर्सहरूले कालोपट्टी बाँधेर विरोध गर्ने र अन्य आन्दोलन जारी राख्ने संघले जनाएको छ। संघले नर्सहरूमाथिको शोषण र नर्सहरूमाथि हुने शोषणविरुद्ध ११ सूत्रीय माग अघि सारेको छ। माग पूरा नभएसम्म देशभर आन्दोलन जारी राख्ने सघंले जनाएको छ।

साउनदेखि मानव अंग प्रत्यारोपण केन्द्रले अनेक बहानामा बर्खास्त गरेका नर्सहरूको ससम्मान पुनर्बहाली गर्न भएका वार्तामा केन्द्रका पदाधिकारीले मौखिक सम्झौता मात्र गर्ने तथा पीडितलाई न्याय दिनुको सट्टा उल्टै धम्की दिने गरेको संघले जनाएको छ।

संघले मानव अंग प्रत्यारोपण केन्द्रबाट निष्कासनमा परेका नर्सिङ कर्मचारीको पुनर्बहाली गर्नुपर्ने, अधिकारसहित नर्सिङ सेवा महाशाखा पुनर्स्थापना हुनुपर्ने, गुणस्तरीय स्वास्थ्य सेवाका लागि नर्स-बिरामीको अनुपात लागू गर्नुपर्ने, सरकारका नर्ससरह निजीका नर्सहरूको स्तरअनुसार तलब तथा अन्य सुविधाको व्यवस्था हुनुपर्नेलगायत माग छन्।

# शीतलहरले जनजीवन निकै कष्टकर

वीरगन्ज, (नेस)

बिगत २ सातादेखिको चर्को शीतलहरका कारण पर्सासहित मध्य तराईको जनजीवन निकै कष्टकर बनेको छ।

पर्सामा चीसोले कठ्यांग्रिएर अन्य २ जनाको मृत्यु भएको प्रहरीले बताएको छ । चिसोका कारण २ जनाको मृत्यु भएको र दुवै जना जिराभवानी गाउँपालिकाका रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी राजन लिम्बूले जानकारी दिए। जिराभवानी गाउँपालिका वडा नं १ महादेवपट्टि पकडीटोलाका ६० वर्षीय कमल खवास थारु सुतिरहेकै अवस्थामा मृत भेटिएका हुन्। चिसोले कठ्यांग्रिएर उनको बिहान २ बजेतिर मृत्यु भएको भए पनि प्रहरीलाई बिहान साढे १० बजेतिर मात्रै जानकारी आएको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ।

त्यसैगरी जिराभावनी गाउँपालिका वडा नं १ महादेवपट्टीको तमरीटोल बस्ने ३५ वर्षका शम्भु महरा चमारको पनि जाडोकै कारण मृत्यु भएको छ। उनी पनि बिहान मृत भेटिएका थिए। मृतकहरूको आर्थिक अवस्था कमजोर रहेको र न्यानो ओढ्ने कुराको अभावमा ज्यान गएको स्थानीयले बताएका छन्।

यसअघि मंगलबार बिहान वीरगन्ज महानगरपालिका वडा नं १८ भवानीपुरमा चिसोले कठ्यांग्रिएर स्थानीय ५० वर्षीया मञ्जु मण्डलको मृत्यु भएको थियो।

## एजुकेशन प्लानेट प्रा. लि. को अत्यन्त जरूरी सुचना

नवलपरासी जिल्ला गैडाकोट नगरपालिका वडा नं. ०५ घर भएको जितलाल कंडेलको को छोरा अस्ट्रेलियाको एडेलैड, साउथ अस्ट्रेलियामा बस्ने बर्ष ३२ को देवराज कंडेलले यस कम्पनीको चितवन शाखा तथा अन्य नामबाट बिभिन्न अनैतिक, कम्पनीको हित विपरीत कार्य, गरी आएको भन्ने बुझिन आएकोले निज संग यस कम्पनी को नामबाट हुने कुनै पनि कार्यको र आर्थिक कारोबारमा सरोकार नरहेको र नरहने हुदाँ निज संग कुनै पनि कार्य नर्गन नगराउन , गरे गराएमा यस कम्पनी र कम्पनी कर्मचारी तथा संचालकको कुनै पनि दायित्व नरहने, जिम्मेवारी नलिने ब्यहोराको सुचना सर्बसाधारण तथा सबै बिधार्थी अभिभावक र सरोकार वाला को लागी यो सुचना प्रकाशित गरीएको छ ।

e-planet EDUCATION PLANET

एजुकेशन प्लानेट प्रा.लि
बागबजार, काठमाडौं
फोन नं. ०१४२३९६५६, ०१४२३९६५७

## हामी...

जसरी चुनावमा सही नेता र राजनीतिक पार्टीको पहिचान गर्न नसक्दाको असर देश र जनताले भोग्नुपरिरहेको छ, ठीक त्यसैगरी राजनीति कमिसन अनि पत्रकारिताको नाममा व्यापार गरिरहने सञ्चार माध्यमलाई नै वाहवाही गरिरहँदा आज नेपाली समाजले न राजनीतिबाट लाभ लिन सके, न त पत्रकारिताबाटै ?अब हामीले यस कुरालाई मनन गर्न जति ढिलो गर्छौं, उतिनै हाम्रो मुस्किल झन्झन् बढ्दै जानेछ।

## राष्ट्रियसभा...

सोही दिन प्रकाशित नामावलीमा दाबी विरोधको समय दिएको छ। आयोगका अनुसार उजुरीउपर छानविन गर्दै माघ ७ गते मतदाताको अन्तिम नामावली प्रकाशन हुनेछ।

आयोग प्रवक्ता नवराज ढकालका अनुसार माघ १० गते उम्मेदवारको सूची प्रकाशन गरिनेछ। मनोनयनपत्र दर्ता भएको उम्मेदवारको मनोनयन सूची सोही दिन प्रकाशन गरिने आयोगले जनाएको छ।

त्यसैगरी उम्मेदवारको सूचीमाथि दाबी विरोधका लागि आयोगले माघ ११ र १२ गते तोकेको छ। उम्मेदवारको मनोनयनपत्र र उजुरी निवेदनमाथि जाँचबुझ गर्दै निर्णय माघ १३ गते गरिनेछ।

आयोगले त्यसको भोलिपल्ट अर्थात् माघ १४ गते मनोनयनका लागि उम्मेदवारी दिएका उम्मेद्वारको नामावली प्रकाशन गर्नेछ। आयोगले १ दिन माघ १५ गतेको समय नाम फिर्ताका लागि छुट्याएको छ। त्यस्तै उम्मेदवारको अन्तिम नामावली प्रकाशन र चुनाव चिह्न वितरण माघ १५ गते गरिने भएको छ।

७ प्रदेशका उच्च अदालत रहेका स्थानमा मतदान गरिनेछ। राष्ट्रियसभा सदस्य निर्वाचनका लागि स्थानीय तह अन्तर्गतका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख एवं प्रदेशसभाका सदस्य मतदाता रहने व्यवस्था छ। यस निर्वाचनमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख गरी जम्मा १ हजार ५ सय ६ जना तथा प्रदेशसभाका ५ सय ५० सदस्य गरी कूल २ हजार ५६ जना मतदाता रहेका छन्। प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको मतभार १८ रहेको छ।

संविधानअनुसार, स्थानीय तह र प्रदेशसभा सदस्यबाट राष्ट्रियसभा सदस्यका लागि ५६ जना निर्वाचित हुने व्यवस्था छ। संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित हुने सदस्यको निर्वाचनका लागि प्रत्येक प्रदेशमा गठन भएको निर्वाचक मण्डलले दिएको मतका आधारमा एकल सङ्क्रमणीय मत प्रणालीबमोजिम प्रत्येक प्रदेशबाट ८ जना निर्वाचित हुनेछन्।

निर्वाचित हुनेमा महिला ३ जना, दलित १ जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट १ जना र अन्य ३ जना निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ। ५९ सदस्यीय राष्ट्रियसभाका लागि ५६ जना निर्वाचनबाट चुनिएर आउनेछन्। राष्ट्रपतिले ३ जना मनोनयन गर्ने संवैधानिक व्यवस्था छ। जसमा एक जना महिला अनिवार्य हुनेछ।

# हिउँ चितुवाको छालासहित पक्राउ



हेटौंडा, (नेस)

मकवानपुर प्रहरीले हिउँ चितुवाको छालासहित मकवानपुरका १ जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी निरीक्षक वीरेन्द्रकुमार पासवानको कमान्डमा खटिएको प्रहरीले मकवानपुरको थाहा नपा-१, ओखरबजारस्थित त्रिभुवन राजपथ सडकमा ग्राहक खोजिरहेका थाहा नपा-८ बस्ने वर्ष ४२ का सञ्जीव थापालाई बुधबार बिहान करिब सवा १० बजे पक्राउ गरेको हो।

बन्यजन्तुको छाला १४ लाख रुपियाँमा बिक्री गर्ने तयारीमा रहेका थापाको शरीर खानतलासी गर्दा पिठ्युँमा बोकेको झोलाभित्र लुकाइएको बोरामा ६ फिट लम्बाई र १ फिट ६ इञ्च चौडाईं भएको हिउँ चितुवाको छालासहित फेला पारिएको प्रहरी उपरीक्षक विकासराज खनालले बताउनुभयो। थापालाई आवश्यक कारबाहीका लागि जिल्ला वन कार्यालय मकवानपुरमा पठाइएको प्रहरीले जनाएको छ।

## श्रीमतीको हत्या आरोपमा पक्राउ

भद्रपुर, (नेस)

श्रीमतीको हत्या गरी फरार भएको आरोपमा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ। श्रीमतीलाई कुटपिट गरी हत्या गरेर फरार रहेको सूचनाका आधारमा बिर्तामोड नगरपालिका-९ का ४६ वर्षीय देवान टुडुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले पक्राउ गरेको हो।

पुस२२ गते राति देवानले श्रीमती शान्तिलाई निर्घात कुटपिट गरेको प्रहरीको भनाइ छ। मादक पदार्थ सेवन गरिरहने देवानले यसअघि पनि श्रीमतीलाई पटकपटक कुटपिट गरिरहने प्रहरी अनुसन्धानमा खुलेको छ। कुटपिटपछि घाइते भएकी शान्तिलाई उनले आफैं बिर्तामोडस्थित एक हस्पिटल लगेका थिए।

हस्पिटलले टाउकोमा समस्या रहेको बताएपछि उनले श्रीमतीलाई घरमै लगेर राखेका थिए। २४ गते राति शान्तिको मृत्यु भएपछि देवान फरार भएका थिए। फरार देवानलाई प्रहरीले पक्राउ गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी कृष्णप्रसाद कोइरालाले जानकारी दिए।




# एमाले र माओवादी केन्द्र पार्टी एकता पक्रिया अन्तिम चरणमा

शोभाखर पन्थी, अर्घाखाँची

नेकपा एमालेका सचिव प्रदिप ज्ञवालीले नेकपा एमाले र माओवादी केन्द्र बीचको पार्टी एकता पक्रिया अन्तिम चरणमा पुगेको बताएका छन्। उनले पार्टी एकतालाई विफल पार्न देशीविदेशी शक्तिहरू सल्बलाइरहेको भएपनि एकता पक्रियालाई कसैले पनि रोक्न नसक्ने बताए।

प्रेस चौतारी अर्घाखाँची र प्रेस सेन्टरले सन्धिखर्कमा गरेको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै उनले पद बाँडफाँडमा कुरा नमिलेका कारण एकता हुन नसकेको भनेर अनावश्यक हल्ला फैलाइएको बताए।

नेता ज्ञवालीले पार्टी एकता हुने निश्चित भइसकेको भन्दै आशंका नगर्न पनि आग्रह गरे। 'देशले जित्नुपर्‍यो, हामी जे-जस्तो त्याग गर्न पनि तयार छौं' -उनले भने। उनले पार्टी एकता संयोजन समितिको वैठकले एकताका लागि कार्ययोजना तय गरिसकेको बताउँदै माघ महिनाभित्रै पार्टी एकता हुने बताए।

उनले प्रधानमन्त्री शेरबहादुर देउवाले जनादेशको सम्मान गरी सत्ता हस्तान्तरण गर्नुको साटो अनावश्यक बखेडा झिकेर सत्ता लम्बाउने खेलमा लागेको आरोप लगाए। सचिव ज्ञवालीले सरकारले प्रदेशको अस्थायी राजधानी तोक्न आनाकानी गर्नुले सरकारको असक्षमता प्रकट भएको बताए।

'सबै प्रदेशको राजधानी काठामाडौंमा राखी प्रदेश सांसदले काठामाडौंमा सपथ लिने कुरा संघीयताको मर्म अनुकूल छैन' -उनले भने, सकारको यो निर्णय एमालेलाई मान्य छैन।' उनले अब बन्ने कम्युनिस्ट पार्टीको सरकारले मुलुकमा ५ वर्षमा धेरै परिवर्तन ल्याउने दाबी गरे।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य नजिर मियाँ, अर्घाखाँची जिल्ला प्रदेश सभा क्षेत्र नं. १ का सदस्य चेतनारायण आचार्य, क्षेत्र नं. २ का सदस्य रामजीप्रसाद घिमिरे, एमाले केन्द्रीय स्कुल विभागका सदस्य वुद्धिबहादुर रायमाझी, एमाले उपसचिव प्रेम नारायण गैरे, समाजसेवी दिपक पन्थी, लगायतको अपस्थिति रहको थियो।

कार्यक्रम प्रेस चौतारीका अध्यक्ष हिमबहादुर जिसी लेकालीको अध्यक्षता, पत्रकार महासंघका निवर्तमान अध्यक्ष शोभाखर पन्थीको स्वागत मन्तव्य र प्रेस सेन्टरका अध्यक्ष गणेशखनालको सञ्चालनमा सम्पन्न भएको थियो।





# अर्थ

उपभोग बढाउनका लागि आर्मी र पुलिसको रासनमा स्वदेशी दूध र दुग्धजन्य पदार्थ अनिवार्य गरिनुपर्ने र 'स्कुल मिल्क फिडिङ प्रोग्राम' अगाडि बढाउन जनचेतनाको लागि सञ्चार माध्यमसँग सहकार्य गरिनुपर्ने प्रस्ताव एसोसिएसनले गरेको हो।

2018, JAN
Thursday
11

## आनको नेतृत्वमा रिजाल



**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल विज्ञापन संघ (आन) को १८औं वार्षिक साधारणसभा बिहीबार हुँदै छ। साधारण सभाबाट संघको आगामी तीन वर्षको लागि नयाँ कार्यसमितिको चयन हुनेछ। जसका लागि अध्यक्षमा रवीन्द्रकुमार रिजाल (शशी), वरिष्ठ उपाध्यक्षमा सोमप्रसाद धिताल, प्रथम उपाध्यक्षमा नारायणकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा धर्मेन्द्रकाजी श्रेष्ठ, महासचिवमा राजु कुइँकेल, सहकोषाध्यक्षमा पंकज प्रधान र छ जना कार्यसमिति सदस्यमा रोशन प्रसाई, रमेश पुरी, विशालपुरुष ढकाल, अरूणकाजी स्थापित, किरण गैरे र सन्तोष खड्का, सर्वसम्मतभई सक्नु भएको छ

कोषाध्यक्षमा पिताम्बर पोखरेल (विजय) र यमुना पौडेल (प्रतिमा) साथै सचिवमा कृष्णप्रसाद घिमिरे र शालिकराम घिमिरे बीच प्रतिस्पर्धा हुने भएको छ।

नयाँ कार्यसमिति चयन भएपश्चात् नेपाल विज्ञापन संघले नवीनतम् कार्य दिशा अवलम्बन गर्दै विज्ञाप न व्यवसायलाई अझ मर्यादित उद्योगको रूपमा स्थापित गर्नुपर्ने दायित्व रहने संघले जनाएको छ।

## भूकम्पपीडितलाई स्थानान्तरण

काठमाडौं, (नेस)

भूकम्पका कारण सबैभन्दा बढी मानवीय र भौतिक क्षति भएको सिन्धुपाल्चोकमा जोखिमयुक्त वस्ती सार्न शुरू भएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पहलमा जिल्लामा पहिलोपटक १८ जना लाभग्राहीका लागि दुई लाख रुपियाँ अनुदान दिएर सुरक्षित स्थानमा घडेरी खरिद गरिएको प्राधिकरणका कार्यकारी सदस्य ध्रुवप्रसाद शर्माले बताउनुभयो।

प्राधिकरणको अगुवाई र जिल्ला प्रशासन कार्यालयको समन्वयमा जोखिमयुक्त वस्तीको रूपमा पहिचान भएको साविकको गाती गाविसका १८ घरधुरी परिवारलाई बाह्रबिसे नगरपालिका वडा नम्बर ३ मा स्थानान्तरण गर्ने प्रयोजनका लागि जग्गा व्यवस्थापन गरिएको हो।

सरकारले दिएको प्रतिपरिवार दुई लाख अनुदानमा लाभग्राहीले रकम थप गरी कम्तीमा साढे दुई आनादेखि ८ आनासम्म घडेरी खरिद गरेका छन्।

जोखिमयुक्त बस्ती पहिचान भएका लाभग्राहीलाई सुरक्षित स्थानमा जग्गा किन्न प्रतिघरपरिवार दुई लाख रुपियाँ सरकारले अनुदान दिँदै आएको छ। उनीहरूले निजी आवास पुनर्निर्माण थप ३ लाख रुपियाँसमेत पाउने व्यवस्था छ।

जोखिमयुक्त लाभग्राहीका रूपमा पहिचान भएका उनीहरूलाई १० वर्षसम्म खरिद गरेको घडेरी बेचबिखन नगर्न नपाइने र तीन महिनाभित्र भूकम्प प्रतिरोधी मापदण्डअनुसार घर पुनर्निर्माण गर्ने शर्तमा सरकारी अनुदान दिएर जग्गा हस्तान्तरण गरिएको प्राधिरणका सचिव मधुसुदन अधिकारीले बताउनुभयो।

# SHARE MARKET

**10 JANAURY WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7277.00 | 427.00 | 421.00 | 425.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 525.00 | 423.00 | 419.00 | 423.00 | -2.00 |
| 3 | Arun Finance Limited | 210.00 | 175.00 | 172.00 | 172.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 828.00 | 346.00 | 337.00 | 342.00 | 2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4356.00 | 204.00 | 200.00 | 204.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3810.00 | 1448.00 | 1391.00 | 1400.00 | -20.00 |
| 7 | Bank of Kathmandu Ltd. | 21984.00 | 416.00 | 407.00 | 414.00 | 5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 50.00 | 196.00 | 191.00 | 191.00 | -4.00 |
| 9 | Bishal Bazar Company Limited | 140.00 | 1735.00 | 1720.00 | 1735.00 | -10.00 |
| 10 | Butwal Power Company Limited | 5221.00 | 680.00 | 667.00 | 677.00 | 7.00 |
| 11 | Central Finance Co. Ltd. | 1617.00 | 146.00 | 143.00 | 143.00 | 1.00 |
| 12 | Century Commercial Bank Ltd. | 8899.00 | 202.00 | 199.00 | 199.00 | -2.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 1187.00 | 1045.00 | 1031.00 | 1031.00 | -29.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 190.00 | 180.00 | 179.00 | 179.00 | -2.00 |
| 15 | Chilime Hydropower Company Limited | 9988.00 | 903.00 | 884.00 | 892.00 | -6.00 |
| 16 | Citizen Bank International Limited | 11259.00 | 290.00 | 287.00 | 290.00 | 0.00 |
| 17 | Citizen Investment Trust | 2201.00 | 3575.00 | 3499.00 | 3575.00 | -5.00 |
| 18 | Civil Bank Ltd | 10865.00 | 187.00 | 183.00 | 185.00 | 0.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 756.00 | 905.00 | 900.00 | 901.00 | 0.00 |
| 20 | Deprosc Development Bank Limited | 4240.00 | 883.00 | 870.00 | 871.00 | -27.00 |
| 21 | Deva Bikas Bank Limited | 1587.00 | 179.00 | 176.00 | 177.00 | -3.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 62.00 | 157.00 | 151.00 | 152.00 | -8.00 |
| 23 | Everest Bank Limited | 23008.00 | 950.00 | 917.00 | 922.00 | -12.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 85.00 | 741.00 | 711.00 | 741.00 | 16.00 |
| 25 | Everest Insurance Co. Ltd. | 4278.00 | 2147.00 | 1971.00 | 1971.00 | -219.00 |
| 26 | First Micro Finance Dev. Bank Ltd. | 6400.00 | 866.00 | 850.00 | 850.00 | -14.00 |
| 27 | First Micro Fin. Dev. Bank Ltd. Pro. Share | 2300.00 | 360.00 | 360.00 | 360.00 | 0.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 1323.00 | 3518.00 | 3320.00 | 3505.00 | 172.00 |
| 29 | Gandaki Bikas Bank Limited | 3427.00 | 238.00 | 233.00 | 238.00 | 0.00 |
| 30 | Garima Bikas Bank Limited | 5860.00 | 203.00 | 196.00 | 196.00 | -4.00 |
| 31 | Global IME Bank Limited | 4381.00 | 324.00 | 316.00 | 316.00 | -3.00 |
| 32 | Global IME Samunnat Scheme-1 | 3500.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 3646.00 | 153.00 | 146.00 | 150.00 | -1.00 |
| 34 | Green Development Bank Ltd. | 120.00 | 192.00 | 189.00 | 189.00 | -4.00 |
| 35 | Guheshowori Mer. Bank & Finance Co. Ltd. | 50.00 | 168.00 | 168.00 | 168.00 | 3.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 3406.00 | 955.00 | 940.00 | 955.00 | -5.00 |
| 37 | Gurkhas Finance Ltd. | 1758.00 | 143.00 | 140.00 | 141.00 | -3.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 1480.00 | 179.00 | 175.00 | 178.00 | -3.00 |
| 39 | Himalayan Bank Limited | 2427.00 | 686.00 | 660.00 | 663.00 | 3.00 |
| 40 | Himalayan Distillery Limited | 267.00 | 1275.00 | 1250.00 | 1275.00 | 9.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 7818.00 | 514.00 | 503.00 | 508.00 | -3.00 |
| 42 | Himalayan Power Partner Ltd. | 2660.00 | 381.00 | 370.00 | 373.00 | -7.00 |
| 43 | ICFC Finance Limited | 117.00 | 210.00 | 210.00 | 210.00 | -1.00 |
| 44 | IME General Insurance Ltd. | 490.00 | 1064.00 | 1054.00 | 1054.00 | -21.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5085.00 | 170.00 | 168.00 | 168.00 | 0.00 |
| 46 | Janata Bank Nepal Ltd. | 29317.00 | 192.00 | 189.00 | 189.00 | -3.00 |
| 47 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 12.00 | 3000.00 | 3000.00 | 3000.00 | 0.00 |
| 48 | Jebils Finance Ltd. | 50.00 | 134.00 | 134.00 | 134.00 | -2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 4231.00 | 163.00 | 158.00 | 160.00 | -1.00 |
| 50 | Kabeli Bikas Bank Limited | 468.00 | 362.00 | 348.00 | 348.00 | -7.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 1360.00 | 232.00 | 230.00 | 232.00 | 0.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 1485.00 | 1775.00 | 1747.00 | 1747.00 | -28.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 12521.00 | 179.00 | 174.00 | 179.00 | 1.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 2134.00 | 163.00 | 159.00 | 162.00 | 2.00 |
| 55 | Karnali Development Bank Limited | 830.00 | 140.00 | 138.00 | 138.00 | 0.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 414.00 | 153.00 | 149.00 | 152.00 | 0.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 82.00 | 1890.00 | 1862.00 | 1865.00 | -34.00 |
| 58 | Kuber Merchant Finance Limited | 1020.00 | 202.00 | 198.00 | 202.00 | 6.00 |
| 59 | Kumari Bank Limited | 5444.00 | 296.00 | 287.00 | 290.00 | -3.00 |
| 60 | Lalitpur Finance Ltd. | 1200.00 | 184.00 | 183.00 | 183.00 | -1.00 |
| 61 | Laxmi Bank Limited | 5680.00 | 264.00 | 255.00 | 256.00 | -6.00 |
| 62 | Laxmi Equity Fund | 11500.00 | 10.10 | 9.80 | 9.80 | -0.20 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1243.00 | 1295.00 | 1271.00 | 1295.00 | -5.00 |
| 64 | Laxmi Value Fund-1 | 5000.00 | 11.45 | 11.45 | 11.45 | 0.00 |
| 65 | Life Insurance Co. Nepal | 1831.00 | 2025.00 | 1988.00 | 1989.00 | -43.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 1976.00 | 170.00 | 165.00 | 167.00 | 0.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 2960.00 | 607.00 | 600.00 | 600.00 | -5.00 |
| 68 | Machhapuchhre Bank Limited | 11326.00 | 275.00 | 270.00 | 271.00 | -2.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 3636.00 | 191.00 | 189.00 | 190.00 | -3.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 693.00 | 835.00 | 819.00 | 820.00 | -13.00 |
| 71 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 270.00 | 2965.00 | 2951.00 | 2951.00 | -39.00 |
| 72 | Manjushree Finance Ltd. | 1196.00 | 141.00 | 139.00 | 140.00 | -1.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 683.00 | 1375.00 | 1355.00 | 1365.00 | -15.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 63.00 | 3000.00 | 2940.00 | 2940.00 | -60.00 |
| 75 | Mission Development Bank Ltd. | 10.00 | 248.00 | 248.00 | 248.00 | 4.00 |
| 76 | Miteri Development Bank Limited | 217.00 | 336.00 | 336.00 | 336.00 | -3.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 150.00 | 1100.00 | 1089.00 | 1100.00 | -11.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 12985.00 | 432.00 | 416.00 | 423.00 | -8.00 |
| 79 | Multipurpose Finance Company Limited | 268.00 | 368.00 | 361.00 | 368.00 | 1.00 |
| 80 | Nabil Balance Fund 1 | 10937.00 | 17.25 | 16.90 | 16.90 | -0.10 |
| 81 | Nabil Bank Limited | 12309.00 | 1093.00 | 1070.00 | 1070.00 | -20.00 |
| 82 | NABIL Bank Limited Promotor Share | 2455.00 | 870.00 | 855.00 | 855.00 | -12.00 |
| 83 | Nabil Equity Fund | 12469.00 | 10.15 | 10.00 | 10.00 | 0.00 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 107.00 | 2550.00 | 2499.00 | 2499.00 | -61.00 |
| 85 | National Hydro Power Company Limited | 24950.00 | 119.00 | 118.00 | 119.00 | -1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 2188.00 | 1616.00 | 1588.00 | 1594.00 | -21.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 80.00 | 2352.00 | 2350.00 | 2350.00 | -10.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 200.00 | 2400.00 | 2400.00 | 2400.00 | -10.00 |
| 89 | Neco Insurance Co. Ltd. | 7964.00 | 872.00 | 856.00 | 860.00 | -2.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 18701.00 | 278.00 | 271.00 | 277.00 | -1.00 |
| 91 | Nepal Bank Limited | 10153.00 | 355.00 | 352.00 | 353.00 | -3.00 |
| 92 | Nepal Credit And Com. Bank Limited | 10041.00 | 336.00 | 330.00 | 335.00 | 1.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 5198.00 | 805.00 | 790.00 | 790.00 | -10.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 4746.00 | 681.00 | 670.00 | 675.00 | -13.00 |
| 95 | Nepal Hydro Developers Ltd. | 90.00 | 229.00 | 221.00 | 229.00 | 0.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 420.00 | 1400.00 | 1380.00 | 1380.00 | -30.00 |
| 97 | Nepal Investment Bank Limited | 15237.00 | 668.00 | 658.00 | 658.00 | -9.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 2053.00 | 585.00 | 582.00 | 585.00 | -2.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 20995.00 | 1879.00 | 1818.00 | 1821.00 | -58.00 |
| 100 | Nepal SBI Bank Limited | 12713.00 | 608.00 | 595.00 | 599.00 | -1.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 12565.00 | 821.00 | 805.00 | 806.00 | -14.00 |
| 102 | Ngadi Group Power Ltd. | 740.00 | 242.00 | 235.00 | 239.00 | -2.00 |
| 103 | NIBL Samriddhi Fund 1 | 3500.00 | 12.14 | 12.14 | 12.14 | 0.19 |
| 104 | NIC Asia Bank Ltd. | 8821.00 | 349.00 | 344.00 | 346.00 | -4.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 1504.00 | 1270.00 | 1260.00 | 1265.00 | -18.00 |
| 106 | NLG Insurance Company Ltd. | 50.00 | 1390.00 | 1390.00 | 1390.00 | -10.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 63.00 | 1900.00 | 1865.00 | 1865.00 | -63.00 |
| 108 | NMB Bank Limited | 3277.00 | 465.00 | 460.00 | 460.00 | -4.00 |
| 109 | NMB Hybrid Fund L-1 | 4161.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 863500.00 | 13.10 | 13.00 | 13.05 | 0.05 |
| 111 | Om Development Bank Ltd. | 4239.00 | 238.00 | 235.00 | 238.00 | -1.00 |
| 112 | Oriental Hotels Limited | 5466.00 | 678.00 | 657.00 | 663.00 | -16.00 |
| 113 | Pokhara Finance Ltd. | 935.00 | 178.00 | 175.00 | 175.00 | -2.00 |
| 114 | Prabhu Bank Limited | 11441.00 | 261.00 | 252.00 | 256.00 | -2.00 |
| 115 | Prabhu Insurance Ltd. | 3302.00 | 815.00 | 805.00 | 805.00 | -15.00 |
| 116 | Premier Insurance Co. Ltd. | 2221.00 | 1400.00 | 1398.00 | 1399.00 | -1.00 |
| 117 | Prime Commercial Bank Ltd. | 13346.00 | 310.00 | 305.00 | 307.00 | -3.00 |
| 118 | Prime Life Insurance Company Limited | 1016.00 | 1781.00 | 1752.00 | 1760.00 | -38.00 |
| 119 | ProgressiveFinance Limited | 15.00 | 213.00 | 213.00 | 213.00 | -3.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 840.00 | 833.00 | 814.00 | 817.00 | -23.00 |
| 121 | Rastriya Beema Company Limited | 400.00 | 14000.00 | 13600.00 | 13601.00 | -549.00 |
| 122 | Rastriya Beema Co. Limited Pro. Share | 179.00 | 13110.00 | 13065.00 | 13070.00 | -230.00 |
| 123 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 399.00 | 1530.00 | 1500.00 | 1530.00 | 0.00 |
| 124 | Reliance Finance Ltd. | 3806.00 | 146.00 | 141.00 | 146.00 | 2.00 |
| 125 | Ridi Hydropower Dev. Company Ltd. | 721.00 | 149.00 | 148.00 | 149.00 | -2.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 511.00 | 1195.00 | 1168.00 | 1180.00 | -5.00 |
| 127 | Rural Microfinance Dev. Centre Ltd. | 464.00 | 655.00 | 651.00 | 653.00 | -7.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 868.00 | 1410.00 | 1390.00 | 1390.00 | -18.00 |
| 129 | Sana Kisan Bikas Bank Ltd | 840.00 | 1215.00 | 1190.00 | 1190.00 | -30.00 |
| 130 | Sanima Bank Limited | 8175.00 | 350.00 | 340.00 | 342.00 | -2.00 |
| 131 | Sanima Mai Hydropower Ltd. | 33960.00 | 477.00 | 469.00 | 469.00 | -4.00 |
| 132 | Saptakoshi Development Bank Ltd. | 81.00 | 139.00 | 139.00 | 139.00 | -2.00 |
| 133 | Shangrila Development Bank Ltd. | 3190.00 | 199.00 | 197.00 | 197.00 | -3.00 |
| 134 | Shikhar Insurance Co. Ltd. | 946.00 | 1209.00 | 1192.00 | 1198.00 | -18.00 |
| 135 | Shine Resunga Development Bank Ltd. | 2635.00 | 310.00 | 303.00 | 304.00 | -3.00 |
| 136 | Shree Investment Finance Co. Ltd. | 8987.00 | 395.00 | 383.00 | 385.00 | -7.00 |
| 137 | Shrijana Finance (Bittaya Sanstha) | 130.00 | 335.00 | 330.00 | 335.00 | 9.00 |
| 138 | Siddhartha Bank Limited | 18267.00 | 385.00 | 376.00 | 378.00 | -4.00 |
| 139 | Siddhartha Equity Orineted Scheme | 30161.00 | 12.69 | 12.44 | 12.50 | 0.30 |
| 140 | Siddhartha Insurance Ltd. | 60.00 | 1060.00 | 1060.00 | 1060.00 | 0.00 |
| 141 | Soaltee Hotel Limited | 1800.00 | 285.00 | 280.00 | 280.00 | -1.00 |
| 142 | Standard Chartered Bank Limited | 14182.00 | 1067.00 | 1050.00 | 1053.00 | -14.00 |

Total Amount Rs. 374,895,910 Total Quantity 1,574,481 Total No of Transactions 4,523





### हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

### RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

मुक्तिनाथ विकास बैंकको आफ्नै रेमिट

मुक्तिनाथ रेमिट
MUKTINATH REMIT

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
केन्द्रीय कार्यालय, काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौं, नेपाल
फोन: ०१-४१६८६८३ (हन्टिङ्ग लाईन) | ईमेल: info@muktinathbank.com.np
फ्याक्स: १-४१६८६८४ | वेभसाईट:www.muktinathbank.com.np
"मेरो बैंक, तपाईको बैंक, हामी सबैको बैंक"



# अर्थ

नुवाकोट डिभिजन सडक कार्यालयबाट मात्रै झण्डै ५४ करोडभन्दा बढी भुक्तानी हुन बाँकी रहेको तथा काठमाडौं महानगरपालिकाअन्तर्गत विस्तारित सडक निर्माण बापत्को झण्डै ७५ करोडभन्दा बढि भुक्तानी हुन बाँकी रहेको महासंघले जनाएको छ।

## PRESS RELEASE

### हिमालयन बैंकद्वारा सहयोग

काठमाडौं, (नेस)



हिमालयन बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकको २५औं वार्षिकोत्सवको सन्दर्भमा नागार्जुन नगरपालिका सीतापाइला, आदेश्वरस्थित हेल्पिङ हयान्ड्स चिल्ड्रेन होमका बालवालिकालाई सहयोग गरेको छ।

बैंकले उक्त चिल्ड्रेन होमका २१ जना बालबालिकालाई लुगा (ट्याक सुट) तथा खाद्यान्न (चामल, दाल, खाने तेल, नुन, चिनी, गेडागुडी, बिस्कुट आदि) प्रदान गरेको छ। देशका विभिन्न स्थानका अनाथ बालबालिकालाई उक्त चिल्ड्रेन होमले आश्रय दिइरहेको छ। बैंकका तर्फबाट बैंकका महाप्रबन्धक सुशील जोशीले उक्त सहयोग सामग्रीहरू हस्तान्तरण गर्नुभयो।

### सिटिजन्स बैंकको क्यास क्याम्प सम्पन्न

काठमाडौं, (नेस)

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS

सिटिजन्स बैंक इन्टरनेसनलले धादिङ जिल्लाको झारलाङ र रिगाउँ गाविसमा नगद वितरण (क्यास क्याम्प) कार्यक्रमको आयोजना गरेको छ।

विश्व खाद्य कार्यक्रमको आयोजना र वेल हंगर हिलफिको सहकार्यमा पुस १३ गते २० गतेदेखिसम्म ८ दिनसम्म उक्त कार्यक्रम सञ्चालन गरिएको कम्पनीले जनाएको छ। भूकम्प प्रभावित क्षेत्रमा स्थानीय बाटो निर्माण गरेवापत ...कामका लागि नगद' वितरण योजनाअन्तर्गत उक्त नगद भुक्तानी गरिएको हो।

बिकट गाउँमा पनि बैंक जनताको घर दैलोमा पुगेर बैंकिङ सेवा प्रवाह गरिरहँदा स्थानीयले खुशियाली व्यक्त गरेका छन्। २ हजार ७७२ परिवारलाई कुल ३ करोड ४३ लाख ४ हजार रुपियाँ नगद वितरण गरिएको बैंकले जनाएको छ।

बैंकले देखाएको यस अग्रसरताले स्थानीय विकास निर्माणको काममा सहयोग पुग्नुका साथै विपन्न परिवारको आर्थिक अवस्थामा सुधार आउने विश्वास बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रवक्ता गणेशराज पोखरेलले व्यक्त गर्नुभएको छ।

### बैंक अफ काठमाण्डूको शाखा थप

काठमाडौं, (नेस)

बैंक अफ काठमाण्डू लिमिटेड BANK OF KATHMANDU LTD. we make your life easier

बैंक अफ काठमाण्डूले विराटचोक तथा इमाडोलमा नयाँ शाखा स्थापना गरेको छ। विराटचोक शाखा बैंकका सञ्चालक प्राडा हेमराज सुवेदी तथा इमाडोल शाखा अर्का सञ्चालक सञ्जयबहादुर शाहले उद्घाटन गर्नुभयो।

आर्थिक वर्ष २०७४/७५ को प्रथम त्रैमासिकको अन्त्यसम्म बैंकले कुल निक्षेप ६९ दशमलव १५ अर्ब परिचालन गरी कुल कर्जा ६२ दशमलव ३३ अर्ब रुपियाँ प्रवाह गरेको छ। हाल बैंकले ७५ शाखा, ६७ एटीएम, ८ वटा एक्टेन्सन काउन्टर तथा १७ शाखारहित बिन्दूबाट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

### महिन्द्रा टु ह्वीलरका विजेता घोषणा

काठमाडौं, (नेस)

महिन्द्रा टु ह्वीलरको आधिकारीक वितरक अग्निमोटो इन्कले दशैं, तिहार तथा छठ चाडपर्वको अवसरमा ...सुनै सुनको वर्षा रानीहारसँगै विदेश यात्रा' योजनाअन्तर्गतको लक्की ड्रमा प्रत्येक १५ दिनमा रानीहार प्रदान गर्दै आइएको थियो भने बम्परमा २ परिवारलाई थाइल्यान्डको भ्रमण गर्ने अवसर प्रदान गरिएको कम्पनीले जनाएको छ ।




कम्पनीका अनुसार यस योजनाअन्तर्गत थाइल्यान्ड भ्रमणको लागि बम्बर विजेता कुपन नम्बर ९९७ हेटौंडाका कल्पना दाहाल तथा कुपन नम्बर ००१ वितामोडका मन्जु खरेल बन्नुभएको छ। विजेता परिवारले ५ दिन ४ रातको प्याकेजसहित बैंकक भ्रमण प्राप्त गर्नु भएको छ। साथै १५औं दिनको अन्तिम रानिहार विजेता मध्यविन्दुका दलबहादुर खत्री हुनुभएको छ। लक्की ड्रको घोषण महिन्द्रा टु ह्वीलरको अफिसियल फेसबुक पेजमार्फत् महिन्द्रा एन्ड महिन्द्रा नेपालका कन्ट्री म्यानेजर आशिष जोशीले गर्नु भएको थियो।

## आयल निगमले ३० प्रतिशत शेयर जारी गर्ने

काठमाडौं, (नेस)

नेपाल आयल निगमले ३० प्रतिशत साधारण शेयर जारी गर्ने भएको छ। निगमको ४८औं वार्षिकोत्सवमा बुधबार बोल्दै निगमका निमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले भन्नुभयो- 'निगममा सरकारको शेयर ५५ प्रतिशत र रणनीतिक साझेदारीको १५ प्रतिशत शेयर रहनेछ र बाँकी ३० प्रतिशत लगानी सर्वसाधारणले गर्नेछन्।'

निगमको चुक्ता पुँजी २९ करोड २३ लाख रुपियाँ रहेको छ। निगमले चुक्ता पुँजी बढाएर २० देखि ३० अर्ब रुपियाँ पुऱ्याउन लागेको छ। सोही पुँजीमा शेयर बाँडफाँड गर्न लागेको हो।

प्रादेशिक संरचनाअनुसार प्रत्येक प्रदेशमा ९० दिनको भण्डारण क्षमता भएको स्टोरेज बनाउने कार्य अगाडि बढाएको समेत भट्टराईले बताउनुभयो। भण्डारण्को लागि विदेशी विज्ञ समेत आह्वान भइसरकेको र कार्ययोजनाको काम भइरहेको भट्टराईले बताउनुभयो।

पेट्रोलियम व्यवसायीले चुहावटका नियन्त्रणको लागि ढुवानीका टयांकरमा लकिङ प्रणाली लागू गर्ने तयारी भएको छ। कार्यक्रममा निगमका प्रवक्ता वीरेन्द्र गोइतले ढुवानीको क्रममा हुने चुहावट नियन्त्रणको लागि लकिङ प्रणाली लागू गर्न लागिएको जानकारी दिनुभयो। निगमको वार्षिक १ खर्ब ५० अर्ब रुपियाँको कारोबारलाई बढाएर २ खर्ब पुऱ्याउने तयारी निगमले गरेको छ।

## दुग्ध क्षेत्रको विकासका लागि ६ एजेन्डा

काठमाडौं, (नेस)

नेपाल डेरी एसोसिएसनले आफ्नो १९औं वार्षिक साधारणसभा तथा ७औं अधिवेसनमा विभिन्न ६ वटा एजेन्डालाई प्राथमिकतामा राखेर लैजाने जनाएको छ।

अधिवेसनको पूर्वसन्ध्यामा बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा एसोसिएसनका अध्यक्ष सुमित केडियाले दुग्ध क्षेत्रको विकासका लागि नीति निर्माण तहदेखि किसानसम्म गएर विभिन्न कार्यक्रम सञ्चालन गरिनुपर्ने बताउनुभयो। अध्यक्ष केडियाले दुग्ध क्षेत्रको प्रवर्द्धनका निमित्त गर्नुपर्ने नीतिगत सुधारहरूमा समयसापेक्ष मुल्य समायोजन, लागत खर्च र कच्चा दूधको गुणस्तरको थप सुधार, कुशल उत्पादन प्रणाली, प्रशोधन प्रणाली, जस्ता सिद्धान्तलाई किसान तहमा र उद्योग तहमा व्यापकता दिनुपर्ने बताउनुभयो। शुक्रबारदेखि काठमाडौंमा शुरू हुन लागेका सातौं महाधिवेसनमा विभिन्न ६ वटा एजेन्डालाई प्राथमिकतामा राखिएको छ। नेपालको पहिलो डेरी स्थापनास्थल काभ्रेको नालामा 'नेसनल डेरी रिसर्च इन्ष्टियुट' को स्थापनाका लागि प्रस्ताव गरेको छ। त्यसैगरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दूधको माग पूरा गर्न किसानलाई व्यवसायमा टिकाइ राख्न प्रत्येक भूकम्प प्रभावित क्षेत्रमा १ परिवार १ गाई वा भैंसी उपलब्ध गराई स्थायी रोजगार सिर्जना गरिनपर्ने पनि प्रस्ताव गरिएको छ। स्वच्छ दूध उत्पादनको लागि कृषकसँग सहकार्य गरी अगाडि बढ्नुपर्ने तथा पोसिलो घाँस, साइलेज बाछी संरक्षण जस्ता प्रविधि र सर सल्लाह कृषकलाई जनचेतनाको लागि सञ्चारमाध्यामसँग सहकार्य गरिनुपर्ने पनि एसोसिएसनले जनाएको छ।

## हुन्डाई विन्टर डिलाइट स्किम




काठमाडौं, (नेस)

नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले हुन्डाई विन्टर डिलाइट स्किम ल्याएको छ। यस योजनामार्फत ग्राहकले हरेक हुन्डाई गाडीको खरिदमा आकर्षक नगद छुटको साथमा ६ लाख ९६ हजार रुपियाँसम्मको सेवा सुविधा प्राप्त गर्ने अवसर पाउनेछन्।

यस योजनाअन्तर्गत हरेक हुन्डाई गाडीको खरिदमा आकर्षक नगद छुट, निःशुल्क एक वर्षसम्मको बीमा, एक लाखसम्मको एक्सचेन्जबोनस, २० हजारबराबरको लोयल्टी बोनससँगै पुरानो सवारीको स्पट एक्सचेन्ज तथा मूल्यांकनको सुविधा समेत प्राप्त गर्न सकिनेछ। साथै हरेक हुन्डाई गाडीको खरिदमा ४ वर्षसम्म निःशुल्क सर्भिस र ३ वर्षको वारेन्टी पनि प्राप्त गर्न सकिनेछ। चिसो मौसममा पनि यस हुन्डाई विन्टर डिलाइट स्किमले ग्राहकवर्गमा न्यानोपनको आभास प्रदान गर्ने कम्पनीले जनाएको छ। यस लक्ष्मी इन्टरकन्टिनेन्टलले हुन्डाई विन्टर डिलाइट स्किम्मार्फत पनि ग्राहकलाई विभिन्न सेवा सुविधा प्रदान गर्ने लक्ष्य लिएको छ।

## सरकारी आयोजनाको भुक्तानी भएन

काठमाडौं, (नेस)

सरकारी आयोजनामा काम गरेवापतको रकम भुक्तानी नभएको भन्दै नेपाल निर्माण व्यवसायीहरूले अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको ध्यानकर्षण गराएका छन्।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष विष्णुभाई श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बजेट निकासा नहुदा, भुक्तानी रोकिदा र निर्माण सामग्रीमा चर्को मूल्यवृद्धि भएका कारण व्यवसायी मारमा परेको भन्दै समस्या समाधानका लागि अर्थमन्त्री कार्कीको ध्यानाकर्षण गराएका हुन्।

इन्धन, फलामजन्य पदार्थ तथा सिमेन्ट, गिटी, बालुवा जस्ता प्रमुख सामग्रीमा अप्रत्याशित रूपमा मूल्यवृद्धि भइरहेकाप्रति अर्थमन्त्री कार्कीको ध्यानाकर्षण गराएको छ।

देशको अर्थतन्त्रमा नै गम्भीर आघात पुग्ने गरी भएको यस्तो मूल्यवृद्धि अविलम्ब बिना शर्त फिर्ता हुनुपर्ने भन्दै आवश्यक पहलकदमीका लागि मन्त्री कार्कीसाग आग्रह गरिएको अध्यक्ष विष्णुभाई श्रेष्ठले जानकारी दिनुभयो। सडक विभागअन्तर्गत आह्वान भएका विभिन्न निर्माण कार्य सम्बन्धित निर्माण व्यवसायीले समयमै सम्पन्न गरेता पनि बजेट निकासा नभएका कारण व्यवसायीहरू ठूलो आर्थिक समस्यामा परेको जानकारी महासंघले अर्थमन्त्री कार्कीलाई गराएको छ।

व्यवसायीहरूले पाउनुपर्ने ३० अर्बभन्दा बढी रकम हालसम्म सडक विभागबाट भुक्तानी नभएको भन्दै महासंघ प्रतिनिधिमण्डलले भुक्तानीको व्यवस्थाका लागि पहल गरिदिन मन्त्री कार्की समक्ष आग्रह गरेको छ।









कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७६, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ